**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३७ ❖ २०८० फागुन २४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 07 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८८


## सेवाग्राहीहरू भन्छन् जिल्ला प्रशासनको लापरवाही
## जिल्ला प्रशासन भन्छ सेवाग्राहीको लापरवाही

प्रस, वीरगंज, २३ फागुन/

जिल्ला प्रशासन कार्यालय, पर्साका कर्मचारीहरूको लापरवाहीको शिकार सेवाग्राहीहरू हुन परेको छ ।




खासगरी अशिक्षित सेवाग्राहीहरूले झनै मार खेपिरहेका छन् । नागरिकता बनाउने क्रममा अशिक्षित सेवाग्राहीले जिप्रका, पर्साका कर्मचारीहरूले जे नाम, ठेगाना लेखेर दियो सहर्ष स्वीकारेर जाने गर्थे । तर सोही नागरिकता हराएर प्रतिलिपि बनाउने क्रममा भने उनीहरूले विभिन्न खाले समस्याहरू झेल्नुपरेको छ ।

कर्मचारीहरूको लापरवाहीले कसैको नाम शुद्ध नभएको, ठेगाना गलत भएको र प्रतिलिपि लिने क्रममा उनीहरूलाई समस्या भएको हो । पर्सा जिल्ला धोबिनी गाउँपालिका–३ गुलरिया निवासी लालपरिदेवी कनुइन विगत तीन सातादेखि जिप्रका र वडा कार्यालय धाउँदै आएकी छन् । उनको नामको अगाडि श्रीमती जोडिएको र अहिले सोही विषयलाई लिएर श्रीमती हटाउन उनले वडा कार्यालय, प्रहरी कार्यालय आदिको चक्कर लगाउनुपरेको हो । उनले आफू पढेलेखेको नभएको र नागरिकता लिने क्रममा सो बखतका कर्मचारीले नामको अगाडि श्रीमती जोडिदिएकाले अहिले प्रतिलिपि लिने क्रममा दुःख पाएको बताए ।

जिल्ला प्रशासन कार्यालय, पर्साको नागरिकता फाँटमा अहिले प्रतिलिपि सच्याउनेहरूको भीड बढेको छ । कम पढेलेखेका सेवाग्राहीलाई भोलि आउनु, पर्सि आउनु भनेर धपाउने प्रवृत्ति पनि बढेको छ । अनलाइन निवेदन भरेर सातापछि नम्बर आउने र त्यसपछि पनि यो भएन, त्यो भएन भनेर प्रमाण खोजीको नाममा दुःख दिने प्रवृत्ति बढेको सेवाग्राहीहरूको गुनासो छ ।

नागरिकता फाँटको यो समस्या राहदानी फाँटमा पनि छ । राहदानी लिने क्रममा पनि नाम, ठेगाना, नम्बर बिगारेर दुःख दिने कार्य हुँदै आएको एकजना सेवाग्राहीले बताए । सामान्यतया राहदानीको लागि रु पाँच हजार शुल्क लाग्छ भने द्रुत सेवामा दोब्बरी शुल्क तिर्नुपर्छ । सामान्य नागरिकलाई थाहा छैन कि यसरी बिग्रिएको कुरा एक सातामा सच्चाउनुपर्छ । सो अवधिपछि आउने सेवाग्राहीहरूलाई थप शुल्क तिर्नुपर्ने र थप झन्झटको सामना गर्नुपर्ने हुन्छ ।

जिल्ला प्रशासन कार्यालय, पर्साका सहायक प्रजिअ ध्रुव लम्साल यस्ता त्रुटि हुनुमा सेवाग्राहीहरूको कमजोरी भएको बताउँछन् । नागरिकता, राहदानी बुझ्ने बखतमा त्यसमा भएका त्रुटिबारेमा देखाउँदा तत्कालै र एक साताभित्रको समयसम्म सच्याउन सकिने प्रावधान रहेको उनी बताउँछन् । त्यसपछिको समयमा भने प्रचलित नियम कानून अनुसार हुने गरेको उनले बताए ।

## मजदूर निष्कासनपछि उद्योगमा विवाद

प्रस, परवानीपुर, २३ फागुन/

वीरगंज महानगरपालिका–२१ परवानीपुरस्थित पाना पेपर वर्क्समा मजदूरलाई निष्कासित गरेको विषयलाई लिएर बुधवारदेखि विवाद शुरू भएको छ ।



पाना पेपर वर्क्सका निष्कासित मजदूरहरू । तस्वीरः राधेश्याम पटेल

सो उद्योगमा कार्यरत आठजना मजदूरलाई दुई महीना अवधिमा निष्कासित गरिएको विरोधमा हिजो मङ्गलवारदेखि त्यहाँ कार्यरत मजदूरहरू विरोधमा उत्रिएका हुन् ।

गत माघ ३ गते सो उद्योगमा कार्यरत मजदूरहरू प्रदीप कुर्मी, रवीन्द्रप्रसाद जयसवाल, विजय यादव, शिववंशी पटेल, राजाराम यादव र प्रदीप पटेल गरी छजनालाई उद्योगले निष्कासित गरेको थियो । यसैगरी, यही फागुन १९ गते थप दुईजना सिद्धान्त र कुन्दन पटेललाई निष्कासित गरेको थियो । उद्योगमा २७ जना मजदूर रहेकामा एकपछि अर्को गरी दुई चरणमा आठजनालाई निष्कासित गरेपछि हिजोदेखि व्यवस्थापन पक्षको विरोधमा उत्रेको मजदूर नेता प्रदीप पटेलले बताए । कार्टुन उत्पादन गर्ने कारखानामा श्रमिक सङ्घको एकाइ गठन भएपछि कारखानाले एकपछि अर्को सङ्घमा आबद्ध मजदूरहरूलाई हटाउन शुरू गरेको मजदूर नेता पटेलले बताए । उनी सङ्घमा आबद्ध भएकै कारण फागुन १९ गते निष्कासनमा परेका थिए । कारखानाका प्रशासन अधिकृत ताराचन्द्र यादवले उत्पादन घटेकाले आर्थिक व्ययभार सहन गर्न नसकी कारखाना व्यवस्थापन पक्षले मजदूरहरूलाई निष्कासित गर्नुपरेको बताए । उनले कारखानामा गठन भएको श्रमिक सङ्घ पनि वैधानिक नरहेको दाबी गरे ।

## २६ महिलासहित १७१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २३ फागुन/

पर्सा र सर्लाही गरी बुधवार तीन स्थानमा भएको रक्तदान कार्यक्रममा २६ जना महिलासहित १७८ जनाले रक्तदान गरेका छन् ।

वीरगंज महानगरमा ग्लोबल बिजनेश कलेजले आयोजना गरेको रक्तदान कार्यक्रममा १४ जना महिलासहित १०६ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

सोनु श्रेष्ठ, नसरिन खातुन, टेकेन्द्र साह, अनुज कानू, मनु पटेल, कुणाल त्रिपाठी, गड्डु कुशवाहा, हरिकिशोर पण्डित, ज्योति कुशवाहा, नितेश यादवलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, महाशिवरात्रिको अवसरमा ब्रह्मकुमारी राजयोग सेवा केन्द्र, छपकैयाले आयोजना गरेको रक्तदान

(बाँकी अन्तिम पातामा)




## ऐतिहासिक जीराभवानी मन्दिरमा महाशिवरात्रिको मेला लाग्दै

ओमप्रकाश चौधरी, सेढवा, २३ फागुन/

पर्सा जिल्लाकै ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको जीराभवानी मेला आउँदो महाशिवरात्रिका दिनदेखि १० दिनका लागि लाग्दैछ । फागुन २५ गते महाशिवरात्रिको दिनदेखि मन्दिरमा लाग्ने मेलामा बारा, पर्सा, चितवन, मकवानपुर तथा भारतका बिहार र उत्तर प्रदेशका भक्तजन आउने गर्छन् । महाशिवरात्रिका दिन भक्तहरूले विशेष पूजा, जल, प्रसाद, बेलपत्र चढाइ पूजापाठ गर्नुका साथै भाखल अनुसार विशेष पूजा अर्चना गर्ने गर्छन् ।

ग्रामीण भेगका थारू समुदायलगायत अन्य समुदायबीच व्यापारिक, सामाजिक तथा अन्य पक्षको सम्बन्धमा यो मेलाले राम्रो भूमिका खेल्दै आएको छ । साथै हरेक समुदायले यो मेला तथा यहाँका देवीदेवताप्रति आस्था र विश्वास राख्दै आएका छन् ।

मेला सम्बन्धमा प्राचीन किंवदन्ती हेर्ने हो भने यो मन्दिरको उत्पत्ति झन्डै ४०० वर्षभन्दा पहिले सामान्य मठबाट थालनी भएको हो । तत्कालीन अवस्थामा मन्दिर आसपास पर्ने सेढवा, महादेवपट्टि, पिपरडाढी, परसवा, जीतपुरलगायत गाउँ थिए । जङ्गलभित्रै अवस्थित ती गाउँहरूमा आदिवासी थारू समुदायको मात्रै बसोवास थियो । थारू समुदायमा अहिले पनि खोलामा माछा, घोंगी, केकडा (गङ्टो) मारी तरकारी बनाइ सेवन गर्नु



विशेषता हो । जीराभवानी मन्दिरको पूर्व चमरी खोला त्यति बेला जङ्गलबीच पर्थ्यो । सो क्षेत्रमा जङ्गली जनावरको डरले दिउँसै मानिसहरूको आवागमन चुनौतीपूर्ण थियो ।

महादेवपट्टि निवासी बिसुन महतो खोकी (माछा मार्ने जाल) लिई माछा मार्न चमरी खोला पुगेका थिए । खोलाको पानीमा खोकी थाप्दा माछाको साटो एउटा कालो ढुङ्गा पर्‍यो । ढुङ्गा फाली पुनः खोकी थाप्दा सोही कालो ढुङ्गा खोकीमा फेरि पर्‍यो । अन्त्यमा दिक्क लागी सो कालो ढुङ्गालाई खोलाको किनारमा फाली रित्तै घर फर्के । घर पुग्दा परिवारले माछाबारे सोध्दा बिसुन महतोले सबै कुरा बताए । राति उनले सो ढुङ्गा सामान्य नभएर शिवलिङ्ग हो र ढुङ्गा फालेकै ठाउँमा मन्दिर निर्माण गर्नुपर्ने सपना देखे । भोलिपल्ट बिहानै थारू शिवलिङ्ग खोज्दै खोला किनारमा पुगे । शिवलिङ्ग भेटिएपछि सोही ठाउँमा राखी सानो झोपडी निर्माण गरी बिहान–बेलुका पूजाअर्चना शुरू गर्न थाले । बिस्तारै यस कुराको चर्चा फैलिन थाल्यो र विभिन्न चाडपर्वमा पूजाअर्चना गर्न जनसमुदायको भीड बढ्न थाल्यो र हरेक वर्ष महाशिवरात्रिका दिनदेखि मेला लाग्ने परम्परा शुरू भयो ।

मठ स्थापनाको करीब ४०–५० वर्षपछि यस क्षेत्रका जनताले चन्दा उठाएर मन्दिर निर्माण गर्ने सुर कसे । जीरा भनिने मिस्त्री (डकर्मी) ल्याइ पक्की मन्दिर निर्माण गरियो । निर्माण कार्य सम्पन्न भएपछि सोही स्थानमा मिस्त्रीको मृत्यु भयो । भगवान् शिव रिसाए भन्दै समुदायमा खैलाबैला मच्चियो र मन्दिरमा भवानी दुर्गालाई स्थान नदिइएको कारण मिस्त्रीको मृत्यु भएको ठहर गर्दै भवानी दुर्गाको मन्दिर स्थापना गरी डकर्मी जीराकै नामबाट जीराभवानीमाई नामकरण गरियो । र शिव मन्दिर बाबा बटेश्वरनाथको नामले प्रसिद्ध हुन थाल्यो । जीराभवानी मन्दिर स्थापनापछि यस क्षेत्रमा आइपर्ने सङ्कटबाट जीराभवानीमाईले जोगाउँदै आएको जनविश्वास रहेको छ । साथै यस मन्दिरमा वर्षभरि नेपालका विभिन्न जिल्लाका साथै भारतको बिहार र उत्तर प्रदेश राज्यसम्मका श्रद्धालुभक्तहरूको घुइँचो लाग्ने गर्छ । पर्साका ग्रामीण

(बाँकी अन्तिम पातामा)

## मृत्युपश्चात् आँखाको नानी निकालियो



प्रस, परवानीपुर, २३ फागुन/

वीरगंज महानगरपालिका–९ निवासी अशोककुमार शर्माको निधनपश्चात् बुधवार आँखाको नानी (क्रोनिया) निकालिएको छ ।

उनले जीवित रहँदा नै आँखादान गरेकाले बुधवार उनको निधनपश्चात् रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पतालको टोलीले उनको आँखाको नानी निकालेको हो । शर्माको ६० वर्षको उमेरमा आज निधन भएको र उनको इच्छानुसार आँखाको नानी निकालिएको अस्पतालका नेत्र अधिकृत हरिकान्त साहले बताए । आँखाको नानी प्रत्यारोपणबाट अरू कसैले देख्न सक्ने नेत्र अधिकृत साहले बताए ।


**Notice**

Post Date: 7th March 2024

I, Kanchan Pawankumar Agarwal, daughter of Mr. Pawankumar Gopikumar Agarwal and Mrs. Pushpadevi Pawankumar Agarwal got married to Mr. Amit Kumar Tibarewala, son of Late Mr. Anand Kumar Tibarewala and Mrs. Kusum Devi Tibarewala on 25th January 2022 in Tibarewala Vivah Bhawan, Mahavir Dharamshala Birgunj. So we are getting marriage registered in Indian Embassy of Kathmandu. If anyone has any objection regarding this please approach to the Indian Embassy within 30 days of this Notice Post.

**Kanchan Pawankumar Agarwal**

**विचारसार एवं सूक्तिहरू**

**जीवनमा कोसँग भेट हुन्छ, समयले निश्चित गर्छ; जीवनमा कसलाई चाहन्छौ, मुटुले निश्चित गर्छ र को जीवनभर साथ रहन्छ, त्यो व्यवहारले निश्चित गर्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# फस्टाउँदो माछापालन

**कुनै बखत माछामा परनिर्भर रहेको पर्सा जिल्ला हालका केही वर्षदेखि माछामा आत्मनिर्भर छ । यसअघि छिमेकी बारा जिल्लाबाट स्थानीय माछा र भारतको आन्ध्र प्रदेशबाट तीन/चार दिनको अन्तरालमा आउने माछाले यहाँको बजार धानेको थियो । भारतको आन्ध्र प्रदेशको ठूला आकारका माछाको बजार अहिले पनि छ, ठूला आकारका माछा विवाह, उत्सवहरूमा गरिने पार्टीहरूमा सीमित बन्दै गएको छ । स्थानीय माछा बारा जिल्लाका बोधवन र सिम्रौनगढबाट आउँथ्यो । अहिले पर्सा जिल्लामैं स्थानीय माछाको उत्पादन बढ्दो छ र माछा उत्पादनमा जिल्ला आत्मनिर्भर भएर अन्य जिल्लामा निर्यात पनि गर्दैछ । चितवन, पोखरा, काठमाडौंलगायत छिमेकी भारतका सीमावर्ती क्षेत्रमा समेत पर्सा जिल्लाका माछाको बजार विस्तार हुँदै भएको छ । कृषि ज्ञान केन्द्र, पर्साका अनुसार पर्सा जिल्लामा वार्षिक आन्तरिक खपत प्रतिव्यक्ति साढे तीन किलो रहेको छ ।**

**अहिले पर्सामा ५७१ हेक्टर क्षेत्रफलमा जलाशय छ भने ४३० हेक्टर क्षेत्रफलमा माछापालन हुँदै आएको छ । रहु, बिग हेड, भकुरा, सिल्वरकार्प, इजरायललगायत जातका माछाहरूको माग र खपत अनुसार उत्पादन भइरहेको छ । केही वर्षअघिसम्म जिल्लाका शौकीनहरूले मात्र पोखरी खनेर माछापालन गर्थे । अहिले यो व्यवसायको रूपमा फस्टाएको छ । अहिले अन्य कृषि कार्यभन्दा माछापालनमा मनग्य आम्दानी भइरहेकोले किसानहरूको पहिलो रोजाइ माछापालन भएको छ । थोरै लगानीमा बढी आम्दानी हुने भएपछि बर्सेनि माछापालन व्यवसायले गति लिएको छ । पर्सा जिल्लामा छिपहरमाई, पकाहामैनपुर, सखुवाप्रसौनी, पर्सागढी आदि पालिकाहरूमा सबैभन्दा बढी माछापालन हुने गर्थ्यो । अहिले भने सबैजसो पालिकामा माछापालन हुँदै आएको छ । माछापालन गर्ने किसानलाई सरकारी अनुदान पनि छ । स्थानीय सरकार गठन भएपछि अनुदान सहयोगमा किसानहरूको पहुँच बढेको छ । यो जिल्लाको गण्डक नहरदेखि उत्तरतर्फ थारुवान क्षेत्रमा सिंचाइको पर्याप्त व्यवस्था छ, त्यहाँ धान, गहुँ, मकै, सुर्ती, दलहन, तेलहन खेतीका लागि मल र बीउबिजनबाहेकको समस्या छैन । यस क्षेत्रमा तीन बाली हुने हुँदा माछापालनतर्फ किसानहरूको आकर्षण बढ्न सकेको छैन । तर आकाशे सिंचाइको आसमा धान, गहुँ, दलहन, तेलहन बालीको खेती गर्दै आएका गण्डक नहरदेखि दक्षिण बझियानका किसानहरू भने परम्परागत खेतीबाट विस्थापित हुँदै माछापालनतर्फ आकर्षित भएका हुन् । अनुदान सहयोगमा पोखरी खनेर वार्षिक चारपटकसम्म माछा उत्पादन गरेर बजारमा बिक्री गरी नगद कमाउने सरल र सहज उपायको रूपमा किसानहरूले माछापालनलाई लिएका छन् ।**

**माछापालन व्यवसाय फस्टाएसँगै ह्याचरीहरू पनि एकपछि अर्को खुल्दैछन् । यसले गर्दा हालका दिनमा माछाका भुराका लागि पनि किसानहरूलाई अन्य जिल्ला धाउनुपरेको छैन । पर्सामा एकपछि अर्को गरी हाल १० वटा ह्याचरी सञ्चालनमा छन् । माछासँगै माछाका भुरामा पनि पर्सा आत्मनिर्भर [redacted] किसानमैत्री योजना ल्याउने घोषणा [redacted] रूलाई दिने अनुदान सहयोग सही [redacted] बनेको छ– माछापालन व्यवसाय । [redacted] अनुदान सहयोगको दुरुपयोग बढ्दै [redacted] गर्न नसकेको हो । यसतर्फ [redacted] ध्यान जान जरुरी छ ।**

# समाज मनोविज्ञानको चैतन्यीकरण

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**कसैले ढुङ्गालाई कुनै पीपलको रूखमुनि लगेर राखिदेओस् त, त्यस ढुङ्गाले मानिसलाई आशीर्वाद दिन थालिहाल्छ । ढुङ्गामाथि पनि मानिसको विश्वास अगाध छ । ढुङ्गाप्रति अनन्त आस्था छ । ढुङ्गाले पनि मानिसलाई सुरक्षा दिएको अनुभूति गराउँछ ।**

विज्ञानले मान्ने कुरा हो – पदार्थमा चेतना हुँदैन । पदार्थ त जड हो । पदार्थमा चेतना नहुनुको अर्थ पदार्थ जति सबै निर्जीव हुन्छ । पदार्थमा जीवन हुँदैन । यस किसिमको विचारलाई भौतिकवाद भनिन्छ । भौतिकवादले अध्यात्मलाई मान्दैन । भौतिकवाद र अध्यात्मलाई कतिपयले विपरीत विचार मान्दछन् तर आजभोलि आध्यात्मिक भौतिकवाद र भौतिक अध्यात्मवादको खूब चर्चा हुन्छ । यद्यपि यहाँ अध्यात्मको दृष्टिकोणले होइन, समाज र समाज मनोविज्ञानको दृष्टिले पदार्थमा पनि चेतना हुन्छ र पदार्थको चैतन्यीकरण समाज मनोविज्ञानले गरेको छ वा यस किसिमको परम्परा समाजमा निकै पहिलेदेखि रहेको छ भन्ने तथ्य वा तर्कतर्फ केन्द्रित हुन खोजिएको छ ।

यदि समाजलाई हेर्ने हो भने धरतीलाई माता मान्ने गरिएको छ । जमीनलाई पनि ढोग्दछन् । यसैगरी अझै पनि पुराना मानिसहरू कागजलाई सरस्वतीको प्रतीक मान्दछन् । कुनै पनि हालतमा अझै पनि कागजलाई कुल्चन चाहँदैनन् । असावधानीले कतै कागज कुल्चियो भने तीनचोटि माफी माग्छन्, क्षमायाचना गर्छन् । यसैको विकसित रूप फोटोको पूजा हो । पछिल्लो समयमा धेरै घरमा लगाइने टायल्समा पनि विभिन्न आकृतिहरू छापिन थालेपछि विभिन्न देवदेवीका प्रतीक वा फोटो पनि छापिन्छन् । अनि यही टायल्सको फोटो पनि पूजा गर्न शुरू भएको छ । अर्थात्, आस्थालाई चेतनासित जोड्ने अनेक साधन विकास भइरहेका छन् । पदार्थसित चेतना र चेतनाको पदार्थीकरणको अभ्यास समाजमा निकै लामो समयदेखि चलिआएको यथार्थ हो ।

समाजमा यस्ता अनेक कथा वा लोककथाहरू छन् जसमा दुई पदार्थ कुराकानी गर्दछन् । उदाहरणको लागि एउटा दियो र अर्को दियोले कुराकानी गरेको कुरा । यस्तै हातका पाँच औंलाले एकापसमा कुराकानी गर्दछन् । कुन औंला किन छेउमा भयो भन्ने कथामा औंलाकै कुराकानी छ । हरेक औंलाले आफ्नो कथा सुनाउँछ । एकछिनको लागि औंला त सजीव भयो भन्न सकिन्छ तर औंलाले कुराकानी गर्न सक्दैन । यसैगरी विभिन्न तरकारी तथा तथा खाँबोले कुरो गरेको बताइन्छ । समाजमा यस्ता धेरै दृष्टान्त छन्, जसमा खेतले बोलेको, बालीले भनेको, वनस्पतिले अह्राएको प्रसङ्ग आउँछ । जमीनले बाटो देखाएको, जमीनले नै सम्पत्ति बताएको जस्ता कुरा त कति सुनिन्छ, कति ?

नदीले सपनामा आएर सुनाएको, आफ्नो कथा भनेको, नदीसित प्रेम गरेको जस्ता जीवन्त कथाहरू समाजमा व्याप्त छन् । नदीलाई स्त्रीलिङ्ग मान्ने गरिए पनि रौतहटको बकैयालाई पुलिङ्ग मान्ने चलन छ । मकवानपुरको बकैया गाउँपालिकाको अनकन्टार पहाडी क्षेत्रमा जन्मेको बकैया नदीको उद्गमस्थल वरपर बकैया ठाकुरको मन्दिर छ । बाराको निजगढ नगरपालिकामा एउटा बकैया ठाकुर प्राथमिक विद्यालय छ । रौतहटको मौलापुर नगरपालिकाको सोनरनिया गाउँमा बकैया ठाकुर भनेर चिनिने बकैया नदीले कुनै एक जमानामा एउटी केटीसित विवाह गरेको कथा विद्यमान छ । यही नदीलाई गङ्गाको स्वरूपमा माता र नितान्त बकैयाको सन्दर्भमा पुरुष मान्ने अनौठो लोकविश्वास वा लोकमनोविज्ञान रहेको छ ।

नदीलाई चेतनासित जोडेको अनेक किंबदन्ती प्रचलनमा रहेको छ । भनिन्छ, रौतहटको दुर्गा भगवती गाउँपालिकाको पिपरा बजारका एकजना पुराना साहुको घरलाई बागमती नदीले जसरी पनि भत्काउने प्रण गरेको थियो । बागमती नदीलाई मनाउन अनेक भाकल गर्दा पनि मानेन रे । एक वर्ष यस्तो बाढी आयो कि त्यस घरलाई छोएर, घरको एउटा कुनो अलिकति भत्काएर गयो रे । त्यसभन्दा यता फेरि त्यस ठाउँमा बागमती नदीको पानी पुगेको छैन रे । त्यो घरको अवशेष छ, त्यस घरमा इनार पनि छ । अनि अन्य अनेक कथाहरू जतातातै छरिएर रहेका छन् बागमती नदीको । बागमती नदी मानौं सजीव हो र मानिससँग यसको सम्बन्ध छ । नदी त सजीव होइन तर गाउँघरका मानिसबीच जसको नाता बकैया, बागमतीजस्ता नदीहरूसित छ, तिनले कुनै पनि मूल्यमा निर्जीव मान्दैनन् । बरु नदीलाई कतै देवता, कतै देवी वा कतै कुलदेवता मान्ने वा मानेको देखिन्छ । अनि नदीलाई कहाँ त्यत्तिकै निर्जीव मान्ने चलन छ गाउँमा अझै पनि ।

कसैले ढुङ्गालाई कुनै पीपलको रूखमुनि लगेर राखिदेओस् त, त्यस ढुङ्गाले मानिसलाई आशीर्वाद दिन थालिहाल्छ । ढुङ्गामाथि पनि मानिसको विश्वास अगाध छ । ढुङ्गाप्रति अनन्त आस्था छ । ढुङ्गाले पनि मानिसलाई सुरक्षा दिएको अनुभूति गराउँछ । हो, अनि ढुङ्गामा आस्था पसेपछि स्वाभाविक वा मानिसले सजीवजस्तो व्यवहार गर्न थाल्छ । यो स्वाभाविक र सजीवताको अनुभूतिले मानिससित गाँस्न पुग्ने नातामा पनि पदार्थको चैतन्यीकरण गरिएको हुन सक्छ । पदार्थको चैतन्यीकरण त्यति बेला उत्कर्षमा पुग्छ जति बेला कुनै मूर्तिकारले मूर्ति तयार पार्दछ र आफैंले बनाएको मूर्तिलाई ढोग्दै आशीर्वाद माग्दछ । अहिले विश्वमा निकै चर्चामा रहेको अयोध्यास्थित श्रीराम मन्दिरको जुन मूर्तिमा प्राण प्रतिष्ठा गरिएको छ, त्यस मूर्तिका मूर्तिकारको आस्था पनि समाहित भएको थियो । ती मूर्तिकारले पनि मूर्तिमा साक्षात् भगवान रामको दर्शन पाएको बताउँदा पदार्थको चैतन्यीकरण प्रस्टिन्छ ।

कतिपय अवस्थामा चेतनाको पनि पदार्थीकरण हुन्छ । आस्थाले बनाएको मूर्ति र मूर्तिले बनाएको आस्था करीब समानजस्तै लागे पनि त्यस्तो भने होइन । कतिपयले आरोप लगाउने गरेका छन् कि समाजको यस्तो मनोविज्ञान जानीजानी बनाइएको हो जसले आस्थालाई निरन्तरता देओस् । चेतनाको वैज्ञानिकीकरण गर्दागर्दै आत्मीकरण पनि गर्दछन् । चेतनाको आत्मकीकरण र पदार्थको आत्मीकरणमा खासै फरक देखिन्न । हरेक जीवमा ईश्वर देख्नु, वनस्पतिमा पनि जीवन देख्नु अनि ढुङ्गाप्रति आस्था देखाउनु तथा ढुङ्गाको मानवीकरण गरेर चेतना प्रदान गरेपछि सबैले सचेत देख्नु फरक कुरा हो ? आस्थामाथि कसैले खेलवाड गर्नु कुनै पनि मानेमा न्यायोचित हुँदैन किनभने कतिपयले आफूलाई कम मूल्यवान र आफ्नो चेतना वा आस्थाको मूल्यलाई निकै मूल्यवान मान्ने गर्दछन् । यस मानेमा कतिपयलाई लाग्ला कि मानिसको मूल्य बढी हो तर यसरी विचार अभिव्यक्त गर्नेहरूले कुनै माग्नेलाई मानिस नगनेको पनि हुन सक्छ । हो, आफूलाई कम मूल्यवान मान्नेले जड वस्तुमा पनि चेतना देखेर त्यही चेतनालाई आफूभन्दा मूल्यवान मान्न सक्नुलाई अन्यथा लिनु हुँदैन ।

चेतना प्रदान गर्ने क्रममा साहित्यमा जुन कुनै वस्तुको मानवीकरण गर्ने चलन छ । मानवीकरण भनेको काव्यमा कुनै पदार्थलाई चेतना दिनु हो । पाश्चात्य साहित्यमा पनि यो प्रचलन छ । नदीले बोलेको, फूलले कुरा गरेको, चराचुरुङ्गी तथा विभिन्न जन्तु–जनावरको कथामा मानवीय मनोविज्ञान छ्यापछ्याप्ती पाइन्छ । कतिपय यस्ता रचनामा मानिसको प्रवृत्ति देखाउन खोजिएको हुन्छ ।

राजा शिविले परेवालाई बचाउन बाजलाई आफ्नै मासु काटेर दिएको, रामले बाँदरहरूको सहयोग लिएको तथा विभिन्न देवीदेवताका वाहन तथा सहयोगी पशुपक्षी हुने गरेको सन्दर्भ पाइन्छ । सबैले कुरा गर्ने गरेको तथा सबैको संवादमा निकै उदारता देखिने गरेको पाइन्छ । यी र यस्ता दृष्टान्तले समाजकै मनोविज्ञान देखाउने गरेको होइन र ?

कतै सडक भत्केको देखेर मनमा दुःख हुनु पदार्थको चैतन्यीकरण हो ? कतै असाध्यै राम्रो प्राकृतिक दृश्य हेरेर खुशी लाग्नु पनि पदार्थको चैतन्यकरण हो ? यस्ता प्रश्नहरू अनुत्तरित अवश्य छन् तर पदार्थमा चेतना देख्ने प्रचलन समाजमा सामूहिक मनोविज्ञानको रूपमा रहेको छ । पुरातन समयदेखि रहिआएको छ र अझै पनि यसको विस्तार भइरहेको छ ।

# नयाँ गठबन्धन : सिद्धान्त र कार्यक्रममा केन्द्रित हुन बुद्धिजीवीको सुझाव

प्रकाश सिलवाल

काठमाडौं, २३ फागुन/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन गर्दै वामपन्थी दलहरूको अगुवाइमा नयाँ सत्ता गठबन्धन बनेपछि राजनीतिक वृत्तमा बेग्लै भाव सञ्चार भएको छ ।

तत्कालीन सत्ता गठबन्धनमा रहेका दलबाट एकले अर्कोलाई 'धोका दिएको' प्रतिक्रिया सार्वजनिक भइरहँदा वामपन्थी बुद्धिजीवी एवं विश्लेषकहरूले मिलेर काम गर्न सकेमा नयाँ गठबन्धन मुलुक र जनताका लागि सकारात्मक हुने टिप्पणी गरेका छन् । जनताका जल्दाबल्दा समस्याको सम्बोधन, सुशासन, विकास र समृद्धिप्राप्तिका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावनालाई आत्मसात् गरी वैचारिक र कार्यक्रमिक सहयात्राका लागि गृहकार्य गरिएमा ऊर्जायुक्त गठबन्धन साबित हुने उनीहरूको भनाइ छ । ती लक्ष्यमा नभई केवल पदीय भागबन्डाको स्वार्थमा ध्यान दिइए जनतामा पुनः निराशा पैदा हुन सक्ने भएकोले संविधानको प्रस्तावनामा रहेको समाजवादोन्मुख कार्यदिशाका लागि गृहकार्य गरी दिगो र प्रभावकारीरूपमा अघि बढ्न उनीहरूको सुझाव छ ।

यही फागुन २१ गते नेपाली काङ्ग्रेससँगको गठबन्धन तोडेर नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारमा नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टीले नयाँ गठबन्धन गरी तीन नयाँ मन्त्रीसहितको सरकार गठन भएको हो । ती दलले सरकार विस्तार तथा साझा न्यूनतम कार्यक्रमका लागि आपसी गृहकार्य र अन्य दलसँग पनि संवाद अगाडि बढाएका छन् ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा आएको विभाजनसँगै गत निर्वाचनमा गठबन्धन गरेको काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र)सहितका दलहरूको सहयात्रा निर्वाचनपछि टुटेको थियो । सुशासन, सामाजिक न्याय र समृद्धिको मार्गचित्रका आधारमा २०७९ पुस १० गते एमाले, रास्वपासहितको समर्थनमा प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका थिए । राष्ट्रपतिको निर्वाचनसम्म आइपुग्दा काङ्ग्रेस पुनः सरकारमा र एमाले सत्ताबाहिर हुन पुगेपछि निर्वाचनका समयकै गठबन्धन लामो समय जाने अनुमान गरिएको थियो । राजनीतिक उतारचढावका बीच यही फागुन २१ गते 'पुस १०'को घटनाक्रम दोहोरिएर एमाले र माओवादी केन्द्रको अगुवाइमा नयाँ सत्ता गठबन्धन बनेको छ । आन्तरिक र बाह्य कारण जे भएपनि यो घटना एकाएकजस्तै विकसित भएको छ । यो घटनाले २०७४ सालको निर्वाचनमा एमाले र माओवादी केन्द्र तालमेल गरी विजय हासिल गरी करीब दुई तिहाइको समर्थनमा सरकार बनाउन समर्थ हुँदाको समयझैं स्मरण ती दलका कार्यकर्तामा हुन पुगेको छ । दुई ठूला कम्युनिस्ट पार्टीको सम्मिलनमा भएको गठबन्धनलाई 'सजातीय' गठबन्धनको पनि संज्ञा दिइएको छ ।

अध्यक्ष ओली र प्रचण्डको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को नाममा एकै दल भएर सरकार र पार्टी चलाउँदाका आन्तरिक विवाद मिलाउन नसक्दा दुईपटक संसद् विघटन (२०७७ पुस ५ र २०७८ जेठ ८) सम्मको घटना हुनु, अध्यक्ष ओली तथा अध्यक्ष प्रचण्ड, नेता एवं पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र झलनाथ खनाल तथा वामदेव गौतमबीच बेमेल बढ्नुले पार्टी विभाजन भएको बताइएको छ । विगतमा पनि एकता–विभाजन–एकताको अनुभव बोकेका कम्युनिस्ट दलहरू ती गलतीबाट माथि उठेर अब पुनः नयाँ बिन्दुबाट सहयात्रामा अग्रसर भएका हुन्/होइनन् अहिले नै ठोकुवा गर्ने आधार त छैन तर नेताहरूले चाहेमा त्यो असम्भव नदेखिएको टिप्पणी गरिएको छ । नयाँ गठबन्धन भएकै दिन प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले वामपन्थी दलहरूबीच पुनः सहायात्रा र एकताको लक्ष्यसहित अघि बढेको सार्वजनिक अभिव्यक्ति दिनुबाट लामै यात्राकै सङ्केत बुझ्न सकिन्छ ।

वामपन्थी बुद्धिजीवी श्याम श्रेष्ठले सिद्धान्त, विचार र कार्यक्रमका आधारमा सहयात्रा गर्न कार्यदलस्तरमा तयारी गरेर लिखित दस्तावेजका साथ आएमा यो गठबन्धन दिगो बन्ने जनाउँदै काङ्ग्रेस र माओवादी केन्द्रको तुलनामा एमाले र माओवादी केन्द्रको सहयात्रा सहज हुने बताए । "तर फागुन २१ गतेको चार दलका शीर्षनेताहरूको सहमतिपत्रमा रूपान्तरणकारी कार्यक्रम देखिएको छैन । सैद्धान्तिक र वैचारिकरूपमा सबल र एकीकृत भएर देश र जनताका समस्या सम्बोधन गर्ने हो भने त्यस लयमा जानुपर्छ । नत्र केवल मन्त्रालयको भागबन्डामा सीमित भएको देखिन्छ र भागबन्डा नमिल्दा गठबन्धन टुट्न पनि सक्छ"–नागरिक अभियन्ता श्रेष्ठले भने– "टाउको (विचार) नमिलाइ टुप्पीमात्रै बाँधेर लामो सहयात्रा हुँदैन । शरीर (सङ्गठन) र खुट्टा (हिंड्ने बाटो) पनि मिलाउनुपर्छ । त्यसो भएमा यसलाई सानातिना हुरीले ढाल्न सक्दैन ।"

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# 'व्यावसायिक पत्रकारितामा केन्द्रित हुनुपर्ने'

काठमाडौं, २३ फागुन/रासस

पत्रकारिता क्षेत्रका अग्रजले सञ्चारगृह दिगो व्यावसायिक पत्रकारितामा केन्द्रित हुनुपर्नेमा जोड दिएका छन्।

११४औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर नेपाल प्रेस युनियन, महिला विभागद्वारा बुधवार आयोजित पत्रकारका अनुभव आदानप्रदान कार्यक्रममा पत्रकारिताको व्यावसायिक अभ्यासलाई थप पेशागत, मर्यादित बनाउन सम्बन्धित पक्ष तत्पर रहनुपर्ने बताए।

नेपाल पत्रकार महासङ्घकी उपाध्यक्ष बाला अधिकारीले मुलुकको सर्वोत्तम हितका लागि पत्रकारिता क्षेत्रलाई प्रतिष्ठित, मर्यादित बनाउन महासङ्घ संवेदनशील रहेको उल्लेख गरिन्। "पत्रकारिता पेशामा लामो समयसम्म सक्रिय महिलाको सङ्ख्या न्यून छ। पारिवारिक जिम्मेवारीसँगै यस क्षेत्रमा पारिश्रमिकलगायतका सेवासुविधामा भएको विभेदबारे महासङ्घ संवेदनशील छ," उनले भनिन्।

पत्रकारिता क्षेत्रमा आबद्ध महिला हिंसाका घटना न्यूनीकरणमा पुरुषहरूको भूमिका पनि उत्तिकै रहने उल्लेख गर्दै उनले प्रतिस्पर्धामा महिलाले आफ्नो क्षमता, सक्षमतालाई सुदृढ गर्नुपर्नेमा जोड दिइन्।

न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष सङ्गीता खड्काले पत्रकारिता क्षेत्रमा पत्रकार महिलाहरूले हासिल गरेका उपलब्धिलाई समीक्षा गर्न जरुरी भएको बताइन्। उनले महिलाका हकअधिकारका सम्बन्धमा भएका व्यवस्था कार्यान्वयनको अवस्था कमजोर रहेको उल्लेख गरिन्।

प्रेस युनियनका उपाध्यक्ष नकुल अर्यालले महिला पत्रकारलाई पुरुषसरह समान पारिश्रमिक नभएको भन्दै पेशागत सुरक्षा सुनिश्चित हुनुपर्ने धारणा राखे। प्रेस युनियनका सल्लाहकार अनीता बिन्दुले पत्रकारितामा महिलामैत्री वातावरण सिर्जना गर्नुपर्ने बताइन्। आफ्नो जिम्मेवारीअनुरूप क्षमता अभिवृद्धि गर्न महिला स्वयम् तत्पर रहनुपर्ने उनले उल्लेख गरिन्।

नेपाल ट्रेड युनियन, काङ्ग्रेसकी महिला उपाध्यक्ष राधिका कुइँकेलले राज्यको चौथो अङ्गका रूपमा रहेको पत्रकारितामा महिलाले लैङ्गिक हिंसाका सम्बन्धमा चलाएका कलमको समीक्षा गर्न आवश्यक रहेको बताइन्। प्रेस युनियन, काठमाडौंका अध्यक्ष महेश गौतमले पारिश्रमको उचित मूल्याङ्कन गरी महिला लक्षित सेवासुविधा प्रदान गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा सहभागीले महिलाको पारिवारिक जिम्मेवारीलाई बेवास्ता गर्न नमिल्ने, स्थापित सञ्चारगृहले व्यवस्थित गर्न नसक्दा सञ्चारकर्मी टिक्न नसकेको, पत्रकारिता शैक्षिक संस्थाका जनशक्तिलाई सदुपयोग गर्न दिगो रणनीतिक योजना तयार पार्नुपर्ने, महिलाको विज्ञता स्वीकार गर्नुपर्ने, महिला पत्रकारको सहजताका लागि नीतिगत व्यवस्था गर्नुपर्ने, महिलाका मुद्दा समाधानमा ऐक्यबद्धता जनाउनुपर्ने, हरेक समाचार कक्षमा न्यूनतम पारिश्रमिक नेतृत्वको निगरानी हुनुपर्ने, जिम्मेवारी वहनमा इच्छाशक्ति प्रकट गर्न दृढ हुनुपर्ने, महिलामैत्री समाचार कक्ष हुनुपर्ने लगायतका विषय उठान गरेका थिए।

# माओवादीद्वारा सुदूरपश्चिम र गण्डकी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता

सुदूरपश्चिम, २३ फागुन/रासस

नेकपा कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले सुदूरपश्चिम प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। बुधवार बिहान माओवादी केन्द्र संसदीय दलको बैठकले मुख्यमन्त्री कमलबहादुर शाहलाई दिएको समर्थन फिर्ता लिने निर्णय भएको सो दलका प्रदेशसभा सदस्य शिवसिंह ओलीले जानकारी दिए।

नेपाली काङ्ग्रेस संसदीय दलका नेता शाह नेतृत्वको सरकारमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) सत्ता साझेदार थियो। कुल ५३ सदस्यीय प्रदेशसभामा सभामुखबाहेक सो पार्टीका १० प्रदेशसभा सदस्य छन्।

प्रदेशसभाको ठूलो दल नेपाली काङ्ग्रेसका १९ सदस्यमध्ये बझाङबाट प्रदेशसभामा निर्वाचित काङ्ग्रेसका पृथ्वीबहादुर सिंहको केही महीनाअघि गाडी दुर्घटनामा निधन भएको थियो। प्रदेशसभामा नेपाल कम्युनिस्ट पार्टी (एमाले)का १०, नागरिक उन्मुक्तिका सात, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का चार, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का एक र एक स्वतन्त्र सदस्य छन्।

सत्तासाझेदार नागरिक उन्मुक्ति पार्टी र नेकपा (एकीकृत समाजवादी)ले आज मध्याह्नसम्म सरकारमा रहन वा नरहने भन्नेबारेमा कुनै निर्णय गरिसकेका छैनन्। यसअघि मङ्गलवार मुख्यमन्त्री शाहले नेकपा (माओवादी केन्द्र)बाट सरकारमा सहभागी सामाजिक विकासमन्त्री झपटबहादुर साउद, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामी र उद्योग, पर्यटन तथा वातावरण राज्यमन्त्री गीतादेवी माललाई पदमुक्त गरेका थिए। मन्त्रीद्वय साउद र धामीले सम्हाल्दै आएका मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले आफैं मातहत राखेका छन्।

**माओवादीद्वारा गण्डकी सरकारलाई दिएको समर्थन फिर्ता**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले गण्डकी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ।

आज बसेको संसदीय दलको बैठकले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको सो दलका नेता हरिबहादुर चुमानले जानकारी दिए। माओवादी केन्द्रले समर्थन फिर्ता लिएसँगै नेपाली काङ्ग्रेस नेतृत्वको प्रदेश सरकार अल्पमतमा परेको छ। यसअघि मङ्गलवार मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले माओवादी केन्द्रका दुईजना मन्त्रीलाई पदमुक्त गरेका थिए।

# बागमती प्रदेशका छजना मन्त्रीद्वारा सामूहिक राजीनामा

बाग्मती, २३ फागुन/

बाग्मती प्रदेश सरकारका छजना मन्त्रीले सामूहिक राजीनामा दिएका छन्। नेपाली काङ्ग्रेसका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूले बुधवार मुख्यमन्त्री



बाग्मती प्रदेश सरकारमा नेकाबाट प्रतिनिधित्व गरेका मन्त्रीहरूले बुधवार हेटौंडामा प्रदेशका मुख्यमन्त्री सालिकराम जम्कट्टेलाई सामूहिक राजीनामापत्रमा बुझाउँदै। तस्बिरः मणिराज गौतम/रासस

सालिकराम जम्कट्टेलसमक्ष राजीनामा दिएका हुन्।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामा, उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकार, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जन, खानेपानी, ऊर्जा तथा सिंचाइमन्त्री तीर्थबहादुर लामा, स्वास्थ्यमन्त्री उत्तम जोशी र वन तथा वातावरणमन्त्री मसिना खड्काले मुख्यमन्त्रीसमक्ष संयुक्तरूपमा राजीनामा दिएका हुन्।

नेपाली काङ्ग्रेस संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिलामन्त्री लामा र खानेपानीमन्त्री तीर्थबहादुर लामा गत वर्ष चैत २६ गते मन्त्री नियुक्त भएका थिए भने अन्य चारजना गत जेठ ७ गते नियुक्त भएका थिए।

बाग्मती प्रदेशमा नेपाल कम्युनिस्ट पार्टीसहित पाँच दलको समर्थनमा अघिल्लो वर्ष पुस ५ गते नेकपा (माओवादी केन्द्र) का नेता सालिकराम जम्कट्टेलको नेतृत्वमा सरकार गठन भएको थियो। सत्तासाझेदार दलहरू एमाले र राप्रपाले सरकार छाडेपछि नेपाली काङ्ग्रेससँग मिलेर गत चैतमा मुख्यमन्त्री जम्कट्टेलले सरकार पुनर्गठन गरेका थिए।

सङ्घीय सत्ता गठबन्धनमा आएको परिवर्तनले बाग्मती प्रदेश सरकार पनि एकपटक पुनर्गठन भइसकेको छ। बाग्मती प्रदेशसभामा सात दलको प्रतिनिधित्व छ। नेपाली काङ्ग्रेस ३७ सदस्यसहित सबैभन्दा ठूलो दल हो भने नेकपा (एमाले)का २७ सदस्यसहित दोस्रो ठूलो दल हो। प्रदेशमा नेकपा (माओवादी केन्द्र)का २१, राप्रपाका १३, नेकपा (एकीकृत समाजवादी)का सात, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुईजना प्रदेशसभा सदस्य छन्।

नयाँ गठबन्धन दल एमाले, माओवादी र एकीकृत समाजवादीले साझेदारी गर्दा बाग्मती प्रदेशमा ५५ जना सदस्यको समीकरण बन्छ। ११० सदस्यीय बाग्मती प्रदेशसभामा यो समीकरण सरकार गठनका लागि पर्याप्त हुँदैन।

# रूस पुगेपछि भीमबहादुरले ठगिएको चाल पाए

काठमाडौं, २३ फागुन/रासस

आकर्षक तलब पाउने लोभमा वैदेशिक रोजगारका लागि रूस पुगेका एक व्यक्ति त्यहाँको विमानस्थलबाट फर्काइएपछि आफू ठगिएको चाल पाएका छन्।

लमजुङ दुधपोखरी गाउँपालिका-१ घर भई हाल काठमाडौं टोखा बस्ने विनीता गुरुङले एसएलसी उत्तीर्ण हुन नसकेका भीमबहादुर बुढालाई नक्कली कागजातसमेत बनाएर वैदेशिक रोजगारका लागि रूस पठाइदिने बहानामा ठगी गरेको पाइएको हो।

रूस जान रु छ लाख ५० हजार लाग्ने तथा त्यहाँ पुगेपछि रसिया सैनिकमा काम लगाइदिने र त्यसबापत मासिक रु तीन लाख तलब हुन्छ भनी विश्वासमा पारी ती महिलाले तीन लाख ४६ हजार लिएर ठगी गरेको प्रहरीको भनाइ छ।

विनीताले उक्त भिसाका लागि आवश्यक सबै प्रमाणपत्रलगायत कागजात नक्कली बनाएको र एक हजार डलर साटेको देखाइ उक्त डलर बसपार्कबाट आफैं लिएकी थिइन्। उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेटिङ मिलाएर निजलाई रसिया पठाइएको अनुसन्धानका क्रममा पत्ता लागेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए।

उनलाई रसिया पुगेपश्चात् विमानस्थलबाट नक्कली कागजात भएको भनी फिर्ता पठाइएपछि मात्रै पीडितले आफू ठगिएको पत्ता पाएका थिए। त्यसपछि फर्किएर पीडितले वैदेशिक रोजगार विभागमा आफू ठगिएको भनी निवेदन दिएका थिए। विभागको पत्र अनुसार कार्यालयको प्रहरी टोलीले ठगी गरी फरार रहेकी विनीता गुरुङलाई काठमाडौंको बाँनियाटारबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाईका लागि वैदेशिक रोजगार विभाग पठाइएको रेग्मीले जानकारी दिए।

रेग्मीले ठगी गरी विदेश पठाउनेको गिरोह नै रहेकाले त्यस्ता व्यक्तिको लोभमा नफस्न सर्वसाधारणलाई आग्रह गरेका छन्।

# बस दुर्घटनामा मृतकको सङ्ख्या सात पुग्यो

मलेखु (धादिङ), २३ फागुन/रासस

धादिङको गजुरी गाउँपालिका-५ घाटबेंसीमा भएको बस दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या सात पुगेको छ। कपिलवस्तुबाट काठमाडौंतर्फ आउँदै गरेको लु.२ख २१२१ नम्बरको यात्रुवाहक बस पृथ्वी राजमार्गको घाटबेंसी भन्ने ठाउँबाट बुधवार बिहान त्रिशूली नदीमा खसेको थियो। दुर्घटनामा एकजना महिलासहित सातजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, धादिङका प्रहरी उपरीक्षक गौतम केसीले जानकारी दिए। मृतकहरूको सनाखत हुन बाँकी छ।



तस्वीरः रासस

उनले दुर्घटनामा ३० जनाभन्दा बढी यात्रु घाइते भएका बताए। "घाइतेको उद्धार गरी स्थानीय स्वास्थ्य संस्थामा प्राथमिक उपचारपछि अधिकांशलाई थप उपचारका लागि काठमाडौं पठाइएको"–प्रउ गौतमले बताए।

घटनास्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना र स्थानीयले उद्धार गरिरहेका छन्। बस नदीमा डुबेकोले मृतकको सङ्ख्या बढ्न सक्ने प्रहरीको अनुमान छ। सशस्त्र प्रहरी बल, विपद् व्यवस्थापन तालीम शिक्षालय कुरिनटार चितवनको टोली पनि उद्धारमा जुटेको छ। बस चालक रूपन्देही लुम्बिनी संस्कृति नगरपालिका-९ का ३८ वर्षीय हरिराम हरिजनलाई प्रहरीले नियन्त्रणमा लिएको छ।



**राजा जनकको सालिकः** इलाम नगरपालिका-७, ८ र ९ को सङ्गमस्थल सब्जी बजारछेउमा निर्मित राष्ट्रिय विभूति राजा जनकको सालिक। उक्त सालिक इलाम नगरपालिकाले निर्माण गरेको हो। तस्बिरः रामकुमार लिम्बू/रासस

# नेप्से परिसूचक नौ दशमलव ३३ अङ्कले बढ्यो

काठमाडौं, २३ फागुन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ। सोमवार सकारात्मक सर्किट र मङ्गलवार उच्च अङ्को गिरावटपछि बुधवार बजार सम्हालिएको हो।

परिसूचक नौ दशमलव ३३ अङ्कले बढेर दुई हजार १७ दशमलव ०३ अङ्कमा पुगेको छ। आज विभिन्न ३०८ कम्पनीका ९१ लाख ३८ हजार १५४ कित्ता शेयर ५८ हजार ९४० पटक खरीद–बिक्री हुँदा रु तीन अर्ब ४५ करोड आठ लाख ३८ हजार ३५७ को कारोबार भएको छ।

आजको कारोबारमा बैंकिङ, जीवन बीमा र म्युचुअल फन्डबाहेकको समूहको उपसूचक बढेको छ। डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने स्वरोजगार लघुवित्त वित्त विकास बैंकको आठ दशमलव ७०, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको आठ दशमलव ६७, गुर्खाज फाइनान्सको आठ दशमलव ०९ र सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य आठ प्रतिशतले बढेका छन्।

धेरै गुमाउनेमा मोलुङ हाइड्रोपावर कम्पनी नौ दशमलव ७१ र ग्लोबल आइएमई ब्यालेन्स फन्ड–१ को शेयर मूल्य पाँच दशमलव ५४ प्रतिशतले घटेका छन्।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु ३३ करोड ३७ लाख ७८ हजार ८०७ बराबरको छ लाख ५७ हजार ७३९ कित्ता शेयर कारोबार भएका छन्।

# मधेस प्रदेशका मुद्दाप्रति सरकार संवेदनशील हुनुपर्छ

कृषिप्रधान देश नेपालमा किसानलाई मारमा पारेर समृद्धिको सपना देख्नु न्यायसङ्गत हुन्छ र ? कृषि क्षेत्रको मुख्य केन्द्रका रूपमा रहेको मधेस प्रदेशका किसान आज किसान हुनुमा पीडा महसूस गर्दैछन्। पछिल्लो समय झन् बल्झँदै गएको मिटरब्याजपीडित, उखु किसान, दाइजो प्रथालगायत मधेस प्रदेशका मुद्दाप्रति सरकार संवेदनशील हुनुपर्छ।

संवाद



सांसद मुक्ताकुमारी यादव

**महिलाको आर्थिक, शैक्षिक, राजनीतिकरूपमा सबलीकरण तथा सशक्तीकरण हुनुपर्छ। महिला लक्षित कार्यक्रम आएका छन् तर वास्तविक लक्षित वर्गसम्म त्यो पुग्दैन। सरकार पुग्दैन। सरोकारवाला पुग्दैनन्। मिडिया पुग्दैन।**

मधेस प्रदेशबाट प्रतिनिधित्व गर्दा मैले अनुभव गरेको, सरकारले मधेस प्रदेशलाई हेर्ने दृष्टिकोण नै फरक छ। हरेक प्रकारले राज्यद्वारा मधेस प्रदेशलाई पछाडि पारिएको छ। मुलुकमा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संविधानसभाबाट नेपालको संविधान पारित भएको हो। सङ्घीयताको माध्यमद्वारा मुलुकमा शान्ति, सुशासन, समृद्धिका लक्ष्य पूरा गर्न संविधानसभाबाट संविधान पारित भएको हो। संविधानलाई समयसापेक्ष, जनताका माग अनुसार संशोधन गर्दै जाने भन्ने विषयमा विश्वास गरी हामी त्यस क्षेत्रको प्रतिनिधित्व गरेका सांसदहरूले संविधानमा हस्ताक्षर गरेका हौं।

हामीले प्रतिबद्धता जनाएको एजेन्डालाई कति सम्बोधन गरेका छौं ? जनताका मागलाई कति मध्यनजर गर्न सकेका छौं ? संविधानमा व्यवस्था भएको जन अधिकारको सुरक्षा, संरक्षणमा राज्य कतिको संवेदनशील भएको छ ? आज प्रश्न गर्ने समय आएको छ। संविधानमा उल्लिखित सामाजिक, सांस्कृतिक विकासमा आज हामी कहाँ छौं ? आज धर्म, संस्कृति, जात, क्षेत्रका नाममा भएका विभेद तथा समस्या समाधानमा राज्य संवेदनशील बन्नुपर्ने हो। विगतमा धर्म, संस्कृतिका नाममा विभेद, मनमुटाव भएको थिएन। पछिल्लो समय एकापसमा बढ्दै गएको विभेद, मनमुटावले आउने समय त्रसित बनाउन सक्छ। जटिल समस्या निम्त्याउन सक्छ। यसमा राज्य चनाखो हुनुपर्छ।

संसद्को अघिल्लो अधिवेशनमा एउटा मात्र कानून निर्माण गर्न सफल भएका थियौं। सोही समयमा पारित भएको मिटरब्याजसम्बन्धी विधेयकले झन् विकराल अवस्था सिर्जना गर्नेवाला छ। ऋण लेनदेनमा केहीले बदमासी गरेका होलान् तर दुवै पक्ष पीडित छन्। अहिले उद्यम, व्यवसाय गर्न ऋण लिन बैंकबाट पाउँदैनन्। साहूले दिँदैन। आफूसँग भएको जग्गा सही मूल्यमा बिक्री हुन नसक्दा छोराछोरीको पढाइमा समस्या आएको छ। वैवाहिक कार्यक्रममा असर परेको छ। ऋण लिने समयमा एकापसमा गरेको समझदारी बिर्सेर साहूलाई निवेदन दिएर फसाउने प्रवृत्तिले गाउँमा त्रास छ। यो विधेयकले मधेस प्रदेशलाई नियोजित तरीकाले फसाएको छ। सुनियोजित ढङ्गले मधेस प्रदेशमा झडप, मनमुटावको वातावरण सिर्जना गरिदिएको छ। कस्तो मिटरब्याजपीडित हो भन्ने कुरा कानूनमा उल्लेख छैन। परिभाषामा उल्लेख त हुनुपर्यो नि ? यस सम्बन्धमा छलफल पनि भएन।

एकातिर हामी भन्छौं आयात घटाउने, निर्यात बढाउने तर किसानलाई सहुलियत ऋण, अनुदान, सुविधा प्रदान गर्न सकेका छैनौं। जबसम्म हामी व्यावसायिक, वैज्ञानिक खेतीसँग जोडिँदैनौं तबसम्म आत्मनिर्भर बन्न सक्दैनौं। परम्परागत शैलीको कृषि प्रणालीले उत्पादकत्व बढाउन सक्दैन। उत्पादकत्व बढ्दैन भने कसरी आयात घट्छ ? सरकारले समयसापेक्ष किसान लक्षित योजना तय गर्नुपर्छ।

उर्वरभूमि बोकेको मधेस प्रदेशमा कृषि क्षेत्रलाई समृद्ध बनाउनुको विकल्प छैन। अहिले मधेस क्षेत्रमा चुरेको संरक्षण छैन। सिंचाइ छैन। दिगो सिंचाइ सुनिश्चित गर्नेतर्फ ध्यान छैन। कहाँबाट उत्पादन बढ्छ ? उखु किसान उचित मूल्य नपाएर पीडित भएका छन्। किसानको पसिनाको मूल्याङ्कन गर्न सकेका छैनौं। खेती गर्छन् तर उत्पादनले पैसा दिँदैन। सिंचाइ नभएर खेत बाँझो राख्नुपर्ने अवस्था आउन थाल्यो। सरकार मधेस प्रदेशप्रति संवेदनशील भएन।

सरकार स्थिर नहुँदा नीतिगत, राजनीतिक, सामाजिक समस्या जनताले भोग्नुपरेको छ। पछिल्लो समय मुलुकका संवेदनशील तथा महत्त्वपूर्ण विधेयकका रूपमा सरकारले राम्रो गति लिएको थियो। सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, शिक्षालगायत विधेयकमा समिति संसद्मा तीव्रगतिमा गएको थियो। अचानक सरकार उथलपुथल हुँदा संसद्को क्यालेन्डर अनुसार संसदीय गतिविधि प्रभावित बन्न पुगेको छ। हिउँदे अधिवेशनमा बजेटका सिद्धान्त र प्राथमिकतामाथि छलफल भइरहेको बैठक स्थगित भयो। राजनीतिक अस्थिरताले संसदीय अभ्यासलाई प्रभावित गर्ने गर्छ।

व्यवस्था र अभ्यासमा हामीमा ठूलो खाडल छ। जनसङ्ख्याको आधारमा समानुपातिक समावेशीको सिद्धान्तलाई अवलम्बन गर्ने विषय त पछि सम्बोधन भयो। तर जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र बन्न अझै बाँकी छ। सङ्घीय संसद्का दुवै सदनमा यस क्षेत्रका समस्या, मुद्दा उठान गर्ने गरेको छु। वास्तवमा म मधेस प्रदेशको महिला प्रतिनिधि पनि हुँ। महिलाको आर्थिक, शैक्षिक, राजनीतिकरूपमा सबलीकरण तथा सशक्तीकरण हुनुपर्छ। महिला लक्षित कार्यक्रम आएका छन् तर वास्तविक लक्षित वर्गसम्म त्यो पुग्दैन। सरकार पुग्दैन। सरोकारवाला पुग्दैनन्। मिडिया पुग्दैन। विशेषगरी घरायसी काममा संलग्न महिला दैनिक गुइँठाले खाना बनाइरहेका छन्। जलवायु परिवर्तनका विषय गर्दा गुइँठाको असर महिलाले धेरै खेप्नुपरेको छ। यो कसले बुझिदिने ? ग्रामीण भेगका वर्गको दयनीय अवस्था कसले हेरिदिने ?

दाइजो प्रथाको अवस्था यस क्षेत्रमा विद्यमान छ। जबसम्म हाम्रो आफ्नै घरमा छोराछोरीमा विभेद गरिन्छ, तबसम्म यस्ता कुप्रथाले निरन्तरता पाउँछन्। शिक्षा, रोजगारमा विभेद छ। शिक्षाको मूल जरोमा महिलालाई प्रोत्साहन गरिँदैन। समाजमा समानता विस्तार भएमा यस क्षेत्रको चरम समस्याका रूपमा रहेको दाइजो प्रथाको समस्या घट्दै जान्छ।

संविधानले राज्यका सबै निकायमा समानुपातिक समावेशीको सिद्धान्त अवलम्बन गरेको छ तर कार्यान्वयनको अवस्था भने फरक छ। समानुपातिक र प्रत्यक्ष सांसदलाई हेर्ने दृष्टिकोण फरक छ।

सांसद यादवको परिचय

धनुषा जिल्ला स्थायी ठेगाना भएकी सांसद मुक्ताकुमारी यादव २०५३ सालदेखि नै नेपाली काङ्ग्रेसबाट राजनीतिमा आबद्ध छिन्।

**(सांसदसँग रासस संवादका लागि राष्ट्रिय समाचार समितिका समाचारदाता सीता भट्टराईले सांसद यादवसँग गरेको कुराकानीमा आधारित)**

# उद्योग सञ्चालनको व्यस्त याममैं उखु अभाव

महोत्तरी, २३ फागुन/रासस

फागुन चिनी उत्पादनको अति व्यस्त याममा महीना पर्छ तर यसैबेला महोत्तरीको





तस्वीर: एजेन्सी

गौशाला-१ रामनगरस्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिज (बोलीचालीमा एभरेस्ट चिनी उद्योग, चिनीमिल)मा उखुको अभाव भएको छ। उद्योगको उखु पेल्ने र चिनी उत्पादन गर्ने क्षमता अनुसार दैनिक उखु आपूर्ति हुन नसक्दा दिन बिराएर सञ्चालन गर्नुपरेको छ।

"हाम्रो उद्योगले दैनिक ४० हजार क्विन्टल उखु पेल्छ तर केही दिनयता २५ हजार क्विन्टल उखु आइपुग्न पनि हम्मेहम्मे छ," उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला भन्छन्, "दैनिक पेलान क्षमता अनुसार उखु नभएपछि दिन बिराएर उद्योग चलाउनुपरेको छ।" गत साताको अन्त्यसँगै उखु आउने क्रम स्वात्तै घटेर दैनिक २०-२५ हजार क्विन्टलमा झरेको शुक्लाको भनाइ छ।

"हामीले गत शुक्रबारदेखि नै दुई दिन बिराएर उखु पेलेर चिनी उत्पादन गर्दैछौं," शुक्ला भन्छन्, "यसले चिनी उत्पादनको परिमाण घटेसँगै उद्योगले दैनिक लाखौं घाटा बेहोर्नुपरेको छ।" उद्योग सञ्चालन नियमित गर्न दैनिक ४० हजार क्विन्टलसँगै थप जगेडामा १० हजार क्विन्टल उखु राखिनुपर्ने उनको भनाइ छ।

यसपालिको याममा गत पुस ४ गते उखु क्रसिङ (पेल्न) थालेको उद्योगले फागुन तेस्रो सातामै 'नो क्यान' (उखु अभाव)को अवस्था झेल्नुपरेको छ। "एकताका मङ्सिरदेखि नै शुरू गरेर झन्डै वैशाखसम्म उद्योग सञ्चालनमा रहन्थ्यो," एक दशकअघिको विगत सम्झँदै शुक्ला भन्छन्, "अहिले दशतिर मरिहत्ते गरेर लागिपर्दा पनि उद्योगलाई चाहिने उखु पुऱ्याउन सकिएको छैन।"

उखुको अभावले दुई दिन बिराएर सञ्चालनमा रहेको उद्योगले सरदर १० लाख दैनिक घाटा बेहोर्नुपरेको उद्योग प्रशासनले जनाएको छ। सञ्चालनमा रहेको उद्योगमा एक दिन क्रसिङ रोकिँदा चिनी बन्ने क्रममा रहेको ३० हजार लिटर उखुको रस खेर जाने र स्टिम बनाउने इन्धनमा हानि हुने गरेको शुक्ला बताउँछन्।

"स्थायी र ज्यालादारीका श्रमिक कामविना रहँदा लागत हवात्तै बढ्छ, यो अवस्था झेल्न उद्योगलाई निकै सकस छ," शुक्ला भन्छन्। पछिल्ला केही वर्षयता उखुखेती घट्दै गएर याममा अभाव बढेको उखु उत्पादक किसानसम्बद्ध संस्थाको भनाइ छ। पछिल्ला चार वर्षयता घट्दै गएको खेती यसपालि थोरै बढे पनि यामभरिको आवश्यकता भने अझै अपुग रहेको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा बताउँछन्।

"किसानको खेतमै उखु सकिँदैछ, अनि उद्योगमा कसरी पर्याप्त उखु आउँछ," कुशवाहा भन्छन्, "आउने वर्षको योजना अहिले नै बनाएर उखुखेती बढाउन पहलकदमी नलिए अब बर्सेनि यो अभाव खेप्नुपर्ने दिन आउनेछन्।" यसका लागि उद्योग र सरकारले किसानलाई विभिन्न अवसरको आकर्षण दिन सक्नुपर्ने कुशवाहाको भनाइ छ।

"उखु अभाव हुन नदिन त एउटै विकल्प यसको उत्पादन बढाउनु हो," कुशवाहा भन्छन्, "बर्सेनि उखु क्रसिङको बेला भएपछि मूल्यको झमेला, उखुको मूल्य समयमा पाउने/नपाउने चिन्ता र खेतीमा भरपेग नभएपछि किसान निराश छन्, अब सरकार र उद्योगले भरोसा जगाउनुपर्छ।" पछिल्ला पाँच वर्षयता घट्दै गएको उखुखेती गत वर्षयता भुक्तानी अलि सहज बन्दा यसपालि बढेको कुशवाहाको भनाइ छ। गत वर्ष पाँच हजार बिघामा झरेको खेती यसपालि सात हजार बिघा पुगेको उनको भनाइ छ।

"महोत्तरीमा १८ हजार बिघासम्म उखुखेती पुगेको थियो," एक दशकअघिको अवस्था सम्झँदै कुशवाहा भन्छन्, "किसान वाक्क भएरै खेती छोड्दै गएका हुन्, अब उद्योग र सरकारले नयाँ विश्वास जगाउने काम गरे उखु फेरि बढ्छ।"

एभरेस्ट चिनी उद्योगले यसपालि (जारी वर्ष २०८०/८१)मा कमसेकम ३० लाख क्विन्टल उखु क्रसिङ गरेर दुई लाख ७० हजार क्विन्टल चिनी उत्पादनको लक्ष्य लिएको छ। यस अनुसार दैनिक ४० हजार क्विन्टल उखु पेल्दै तीन हजार क्विन्टल चिनी उत्पादन गर्दै आएको उद्योगको तालिका उखु अभावसँगै प्रभावित बनेको छ। फागुनमै उखु अभाव हुन थालेपछि उद्योग गेटको उखु यार्ड (तौलाएको उखु खन्याएर राखिएको ठाउँ) खाली देखिँदैछ। यसैगरी, उद्योगले ठाउँठाउँमा सञ्चालन गरेका ३३ वटा खरीद केन्द्रमध्ये धेरैजसो फागुन तेस्रो सातामै बन्द भएका छन्। यो अवस्थाले यसपालिको याममा क्रसिङ अब धेरै दिन नलम्बिने छाँट छ।

## फरक समाचार

# पुरुषको पसिनाले महिलालाई आकर्षित गर्छ

पसिनाले शरीरको तापमान मात्र नियन्त्रण गर्दैन, यसले विपरीत लिङ्गी (पुरुष/महिला)लाई पनि आकर्षित गर्छ। जर्नल अफ न्युरो साइन्समा प्रकाशित



एउटा अध्ययनमा यो खुलासा भएको हो। यस शोध अनुसार अन्य जीवसरह मनुष्यको पसिनामा पनि एउटा विशेष गन्ध हुन्छ, जसले विपरीत लिङ्ग (पुरुष/महिला)को शरीरलाई प्रभावित गर्छ।

क्यालिफोर्निया युनिभर्सिटी, बर्कलेका शोधकर्ता अनुसार पुरुषको पसिनामा पाइने एउटा विशेष तत्त्व एन्ड्रोस्टेडियनोन, महिलामा हुने कोर्टिसोलको स्तरलाई बढाउँछ। कोर्टिसोल एउटा तनाव हार्मोन हो। तर रमाइलो कुरा यो छ कि महिलामा यो बढ्नु उनीहरूको मूड र यौन उत्तेजनालाई पनि प्रभावित गर्न सक्छ।


**शोधको परिणाम:** अध्ययनको दौरान शोधकर्ताहरूले महिलाहरूलाई सुँघ्नको लागि पुरुषको पसिनाबाट निकालिएको यो विशेष केमिकल पदार्थ दिएर महिलाहरूको रगतमा कोर्टिसोलको स्तर मापन गरिएको थियो। परिणामस्वरूप शोधकर्ताहरूले पाए कि जुन महिलाले यस गन्धलाई सुँघेका थिए उनीहरूको कोर्टिसोलको स्तर ती महिलाको तुलनामा निकै बढेको थियो, जसले यो तत्त्व सुँघेका थिएनन्।

अध्ययनका प्रमुख शोधकर्ता डा क्लेयर वायार्टको भनाइ छ, यो अनुसन्धान यस कुराको प्रमाण हो कि मनुष्यमा पनि गन्धको माध्यमबाट सिग्नल एक्सचेन्ज हुन्छ। जस्तैः मुसा र पुतलीमा गन्धको माध्यमबाट सिग्नल एक्सचेन्ज हुन्छ र उनीहरूको व्यवहार प्रभावित हुन्छ। यसै प्रकार हाम्रो अध्ययनबाट पनि यो पत्ता लागेको हो कि मानव गन्ध पनि विपरीत लिङ्गलाई बायोलोजिकल र शायद मनोवैज्ञानिकरूपले पनि प्रभावित गर्न सक्छ।

उनले शोधमा अझै गहन अध्ययनको आवश्यकता रहेको बताए। यो अध्ययनले यस कुरातर्फ इशारा गर्छ कि मानव आकर्षण एउटा जटिल प्रक्रिया हो, जसमा गन्धले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ।

# महिलाहरूका लागि कसरत वरदान हो

कसरत सबैको लागि फाइदाजनक हुन्छ, यो थाहा पाएर पनि धेरैले व्यायाम गर्दैनन्। प्रतिदिन कसरत गर्ने पुरुषको तुलनामा महिलाहरूले बढी फाइदा पाउँछन्, त्यो पनि कम समयमा।



जर्नल अफ द अमेरिकन कलेज अफ कार्डियोलोजीमा प्रकाशित एउटा अध्ययनमा दावी गरिएको छ। यस शोधमा वैज्ञानिकहरूले २० वर्षसम्म चार लाखभन्दा बढी व्यक्तिमाथि अध्ययन गरेका थिए। नतीजा अचम्मको थियो, नियमित व्यायाम गर्ने महिलामा कुनै पनि कारणबाट मृत्युको जोखिम २४ प्रतिशतसम्म कम भेटियो साथै हृदयघात, स्ट्रोक र अन्य मुटुसम्बन्धी रोगबाट हुने मृत्युको खतरा पनि ३६ प्रतिशतसम्म कम भेटिएको थियो। तथ्याङ्कले भन्छ– नियमित व्यायाम महिलाको लागि वरदानभन्दा कम हुँदैन।

अध्ययनका सहलेखक डा मार्था गुलाटी भन्छिन्– थोरै मात्रामा गरिएको फिजिकल एक्टिभिटीले पनि महिलाको स्वास्थ्यमाथि बढी प्रभाव पार्छ। अध्ययनमा चार लाखभन्दा बढी व्यक्तिको तथ्याङ्क विश्लेषण गरिएको थियो। जो महिला हरेक साता लगभग १४० मिनेट व्यायाम गर्दैथिए। उनीहरूमा कसरत नगर्ने महिलाको तुलनामा मृत्युको जोखिम २४ प्रतिशतसम्म कम भेटिएको थियो। लाभ त्यस फाइदाको बराबर थियो, जुन लगभग ३०० मिनेट हरेक साता कसरत गर्ने पुरुषमा देखिएको थियो। यद्यपि शोधकर्ताहरूका अनुसार दुवै पुरुष र महिलामा सातामा ३०० मिनेटभन्दा बढी कसरत गर्नाले फाइदा कम हुन्छ।

डा गुलाटीको भनाइ छ, यो अध्ययनले महिलाहरूलाई यही सन्देश दिन्छ कि उनीहरूले कसरतको लागि बढी समय निकाल्न चिन्ता लिनु आवश्यक छैन, नियमित थोरै मात्रामा कसरत गर्दा पनि उनीहरूको स्वास्थ्यमा निकै फाइदा पुग्छ।

अध्ययन अनुसार जो महिला सातामा कमसेकम तीनपटक छिटोछिटो हिंड्छन् अथवा गतिविधि गर्छन् भने उनीहरूमा मृत्युको खतरा कम भेटिएको थियो। यद्यपि विशेषज्ञको भनाइ छ कि यस अध्ययनले व्यायाम-मृत्युदरबीचको सम्बन्धलाई मात्र दर्शाउँछ, कारण र प्रभावलाई होइन। अध्ययनको निष्कर्षलाई अन्तिम रूप दिन अझै अध्ययन गर्नुपर्ने आवश्यकता छ। तर यो निश्चितरूपले त्यस्ता महिलाहरूको लागि सुखद खबर हो, जो समयको कमीको कारण पर्याप्त कसरत गर्न पाउँदैनन्। यस अध्ययनले उनीहरूलाई यही सन्देश दिन्छ कि थोरै प्रयासबाट पनि उनीहरूको स्वास्थ्यमा निकै सुधार आउन सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## पेरूका प्रधानमन्त्रीद्वारा राजीनामा

लिमा, २३ फागुन/एएफपी

पेरुका शक्तिशाली प्रधानमन्त्री अल्बर्टो ओटारोलाले एक युवतीलाई अवैध काममा सहयोग गरेको आरोप लागेपछि मङ्गलवार राजीनामा दिएका छन् ।


प्रधानमन्त्री अल्बर्टो ओटारोला । तस्वीरः एजेन्सी

ओटारोलाले लिमामा पत्रकारहरूसँग कुरा गर्दै भने, "राष्ट्रपतिसँग मैले आफ्नो पदबाट राजीनामा पेश गर्ने निर्णयको घोषणा गरेको छु ।"

ओटारोला एक अनुभवी राजनीतिज्ञ र वकील हुन् । उनले राष्ट्रपति डिना बोलुआर्टेको चिफ अफ स्टाफको रूपमा कामसमेत गरेका थिए ।

ओटारोलाले एक २५ वर्षीया युवतीलाई क्यानडाको आधिकारिक भ्रमणबाट घर फर्कन आदेश दिएका थिए। ५७ वर्षीय ओटारोला विवाहित हुन् र उनका पाँचजना सन्तान छन् ।

गत हप्ताको अन्त्यमा टेलिभिजन कार्यक्रम प्यानोरमाले यस वर्ष सरकारको लागि अभिलेख र प्रशासनिक काम गर्न कुल १४ हजार अमेरिकी डलरका दुईवटा सम्झौता प्राप्त गरेकी २५ वर्षीया याजिरे पिनेडो नामकी एक महिलालाई उक्त सम्झौता गरिदिन पदीय मर्यादाविपरीत निर्देशन दिएको उल्लेख गर्दै विपक्षी नेताहरूले प्रधानमन्त्रीको राजीनामा माग गरेका थिए ।

सम्झौता गर्दा अनियमितता भएको हुन सक्ने आधार मानिएको रेकर्डेड कुराकानीमा प्रधानमन्त्री ओटारोलाले ती युवतीलाई भनेका थिए, "प्रिय, तिमीलाई थाहा छ 'यी प्रसङ्ग'ले दुःख दिएका छन्। तिनीहरू हाम्रालागि पीडा हुन् । तर तपाईंलाई यो पनि थाहा छ कि म तपाईंलाई माया गर्छु ।"

पिनेडोका अनुसार उक्त कुराकानी ओटारोलासँग उनी क्याबिनेट मन्त्री हुनुअघि सन् २०२१ मा भएको हो । पिनेडोले प्रधानमन्त्री ओटारोलासँग आफ्नो छोटो 'भावनात्मक सम्बन्ध' भएको कुरा स्वीकारेकी छन् ।

यसैबीच, ओटारोलाले पेरुको श्रम कानूनको उल्लङ्घन वा अन्य गलत काम गरेको आरोप अस्वीकार गरेका छन् ।

"मैले राजनीतिक परिस्थितिको गम्भीरता बुझेको छु तर म दोहोऱ्याउँछु कि मैले कुनै पनि गैरकानूनी काम गरेको छैन," उनले सोमवार यसअघि ट्वीटर भनेर चिनिने सामाजिक सञ्जाल एक्समा सार्वजनिक पोस्टमा लेखेका थिए ।

राष्ट्रपतिको कार्यालयले मङ्गलवार एक विज्ञप्ति जारी गर्दै के गर्ने भन्ने निर्णय गर्नुअघि ओटारोलाको कुरा सुन्ने बताएको थियो ।

अभियोजकहरूले ओटारोलालाई सम्भावित स्वार्थको द्वन्द्व र 'अवैध प्रायोजन'को लागि अनुसन्धान गर्ने बताएका छन् ।

सन् २०२२ मा तत्कालीन वामपन्थी राष्ट्रपति पेड्रो क्यास्टिलोले काङ्ग्रेसलाई भङ्ग गर्ने र अवैधरूपमा शासन गर्ने प्रयास गरेपछि ६१ वर्षीय बोलुआर्टे राष्ट्रपति भएका हुन् ।

प्रधानमन्त्रीको युवतीसँगको घटनालाई जोडेर राष्ट्रपति बोलुआर्टेको राजीनामा र नयाँ निर्वाचनको माग गर्दै विभिन्न शहरमा केही समयदेखि हिंसात्मक प्रदर्शन भएका छन् । सन् २०१८ को मार्चपछि अहिलेसम्म पेरुमा छजना राष्ट्रपति भइसकेका छन् ।

ह्युमन राइट्स वाचको एक अनुमान अनुसार सुरक्षा बलको कारबाईमा अहिलेसम्म करीब ५० जनाको मृत्यु भइसकेको छ । रासस

## करीब एक लाख अफगानी आप्रवासी स्वदेश फिर्ता

काबुल, २३ फागुन/एएनआई

इरान, पाकिस्तान र टर्कीबाट एक महीनामा करीब एक लाख आप्रवासी त्यहाँ बस्ने विकल्पहरू नहुँदा अफगानिस्तान फर्केका छन् ।

तालिबान नेतृत्वको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयले विदेशबाट फर्केका नागरिकको सङ्ख्या पुष्टि गर्दै सबैलाई पुनर्स्थापनाका लागि सरकारले सहयोग गरेको जनाएको छ ।

"जनवरी महीनामा पाकिस्तान, इरान र टर्कीबाट ९६ हजार ४९० अफगानी आप्रवासी स्वदेश फिर्ता भएका छन् । उनीहरूको व्यवस्थापनका लागि हामीसँग समितिहरू छन् । सीमामा उनीहरूलाई यात्रा भत्ता, खाना र गैरखाद्य सहायता र जाडोका लुगाहरू दिई उनीहरूको गाउँ तथा शहरहरूमा जाने व्यवस्था गर्नेगरी क्षेत्रीय प्रशासनलाई जिम्मा लगाइने गरेको छ ।

"प्रत्येक परिवारलाई १० हजार नगद सहयोग प्रदान गरिएको छ," शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयका उपमन्त्री अब्दुल रहमान रसिदले भने ।

साथै स्वदेश फर्केका केही आप्रवासीले तालिबान सरकारसँग उनीहरूलाई रोजगारको अवसर उपलब्ध गराउन अनुरोध गरिरहेका छन् । पायिन्दाले पाकिस्तानबाट आफ्नो सात सदस्यीय परिवारसँग स्वदेश फर्केपछि आप्रवासनका चुनौतीहरूबारे पायिन्दा थर बताउने अफगान नागरिकले भने, "तिनीहरूले हाम्रो पैसा लुट्थे। हामी अफगानिस्तानबाट पाकिस्तान पुगेका थियौं, त्यसैले स्वतन्त्ररूपमा यात्रा गर्न वा स्वास्थ्य परीक्षणका लागि राम्रो चिकित्सकलाई भेट्न असमर्थ थियौं ।"

उनले भने, "हालैका वर्षहरूमा शत्रुताका कारण लाखौं मानिस देश (अफगानिस्तान) छोड्न बाध्य छन् ।"

विदेश रहँदाको अनुभव सुनाउँदै हालै इरानबाट स्वदेश फर्किएका नाजानिनले भनिन्, "उनीहरूले पहिले मेरा पतिलाई लगे । पछि उहाँले फोन गरेर आफूलाई इरानी जेलमा राखिएको बताउनुभयो । चार दिनपछि म उहाँलाई भेट्न गएँ । इरानी प्रशासनले हामीलाई देश छोड्न चेतावनी दिएको रहेछ। पतिले हामीलाई तीन दिनको समय दिनुहोस्, हामी यहाँबाट जान्छौं भन्नुभयो र स्वदेश फर्कियौं ।"

उनले थपिन्, "तीन दिनपछि हामी स्वदेश फर्किएका छौं । तर यहाँ हाम्रो बास र खाने प्रबन्ध मिलाउन कठिन भइरहेको छ किनकि दुर्व्यवहार हुन सक्ने डरमा हामी आफ्नो जन्मस्थान पुग्न सकेका छैनौं ।"

"सरकारले रोजगारको अवसर प्रदान गर्नुपर्छ ताकि कोही पनि फेरि इरान फर्कन नपरोस् र हामी सबैले आफ्नो मातृभूमिमा आफ्नो प्रगति गर्न सकौं," सोही समूहमा इरानबाट स्वदेश फिर्ता भएका खैरुद्दीनले टोलोन्यूजलाई बताए ।

विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले पाकिस्तानबाट जबरजस्ती देश निकाला गरिएका अफगानी आप्रवासीहरूको दुर्दशाका बारेमा चिन्ता व्यक्त गरेको छ। उनीहरू अहिले केवल बाँच्नको लागि पैसा सापटी लिने र उधारोमा सामान किन्ने गरिरहेका छन् ।

विकराल अवस्थालाई उजागर गर्दै डब्लुएफपीले अफगानी आप्रवासीहरू कुनै पनि सुविधा वा सहयोगबाट वञ्चित भएर बाँच्नका लागि ऋण लिनैपर्ने अवस्था रहेको सङ्गठनको वेबसाइटले देश निकाला गरिएका अधिकांश आप्रवासी हाल अन्योलको अवस्थामा रहेको कुरालाई जोड दिएको छ ।

विश्व खाद्य कार्यक्रमले खाद्य सहायताको लागि एक महत्त्वपूर्ण आवश्यकतामाथि जोड दिंदै केही फर्केका आप्रवासीहरू अझै पनि भोकमरीसँग जुधिरहेका बताएको छ। अफगानिस्तानमा आप्रवासी समस्या र खाद्य सुरक्षा गम्भीर बनेको डब्ल्युएफपीले जनाएको छ ।

शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त (युएनएचसिआर)का अनुसार छिमेकी देशहरूबाट अफगान शरणार्थीहरूको निरन्तर फिर्ती बढ्दो मुद्रास्फीति र शरण दिइएका देशहरूमा रोजगारका अवसरहरूको अभावसँग सम्बन्धित छ ।

हाल इरान, टर्की र पाकिस्तानमा करीब ६० लाख अफगानी आप्रवासी रहेका बताइएको छ । सन् २०२१ को अगस्तमा तालिबान सत्तामा फर्किएपछि हजारौं अफगानी उत्पीडन र ज्यान मार्ने धम्कीका डरले अफगानिस्तानबाट भागेर छिमेकी देशहरूमा गएका थिए । यीमध्ये अधिकांश मानिस अवैध च्यानलहरूमार्फत ती मुलुकहरूमा प्रवेश गरेकामा अहिले गम्भीर समस्याको सामना गरिरहेका छन्। रासस

## अस्ट्रेलिया र आसियानद्वारा गाजा युद्धविरामको आह्वान

मेलबर्न, अस्ट्रेलिया, २३ फागुन/सिन्ह्वा

अस्ट्रेलियाका नेताहरू र दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान) का सदस्यहरूले मेलबर्नमा आयोजित विशेष शिखर सम्मेलनपछि बुधवार गाजामा तत्काल युद्धविरामको आह्वान गरेका छन्।

आसियान र अस्ट्रेलियाले विशेष शिखर सम्मेलनको अन्त्यका लागि जारी विज्ञप्तिमा नेताहरूले गाजाको गम्भीर मानवीय अवस्थाबारे आफूहरूको साझा चिन्ता व्यक्त गर्दै तत्काल दिगो युद्धविरामका लागि आग्रह गरेका हुन् ।

सबै नागरिक तथा नागरिकहरूको प्रगतिका लागि पूर्वाधारमाथिको आक्रमणको निन्दा गर्दै युद्धले गर्दा गाजामा खाना, पानी र अन्य आधारभूत आवश्यकतामा पहुँचसहित मानवीय सङ्कट अझै बल्झिंदै गएको उनीहरूले मेलबर्न घोषणामा उल्लेख गरेका छन् ।

यसैगरी, उनीहरूले समुद्रमार्फत सीमा पार क्षमता बढाउन आवश्यक पर्ने सबैलाई द्रुत, सुरक्षित, निर्बाध र दिगो मानवीय पहुँचका लागि आह्वानसमेत गरेका छन् । रासस

## नक्कली रुपैयाँसहित एकजना पक्राउ

प्रस, सिम्रौनगढ, २३ फागुन/

सिम्रौनगढ नगरपालिका–४ हरिहरपुरबाट हिजो दिउँसो इलाका प्रहरी कार्यालय, सिम्रौनगढले नक्कली रुपैयाँसहित एकजनालाई पक्राउ गरेको छ ।

इप्रका, सिम्रौनगढका प्रहरी निरीक्षक नवीन राई नेतृत्वको टोलीले महागढीमाई नपा–९ कञ्चनपुर निवासी रामविनय सहनीलाई नक्कली भारु र आठ हजार नेरु नोटसहित पक्राउ गरेको थियो । भारतीय नम्बरको मोटरसाइकलमा सवार उनलाई सिम्रौनगढ नगरपालिका–४ हरिहरपुरमा चेकजाँच गर्दा निजबाट बरामद भारु र नेरु आठ हजार नक्कली फेला परेपछि नियन्त्रणमा लिएको प्रनि राईले बताए । बरामद नक्कली भारु र नेरुबारेमा थप अनुसन्धान भइरहेको र सहनी प्रहरी नियन्त्रण रहेको उनले बताए। पक्राउ परेका सहनीबाट पाँच सय भारुका तीनवटा र २८६ थान सादा कागज तथा नेपाली आठ हजार नक्कली नोट बरामद भएको प्रनि राईले बताए ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सफलता | वृष | अलमल |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | कष्टाश्रम | कन्या | चोरभय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | कान्तिक्षय | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जनज |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**नयाँ ...**

नेपाल बुद्धिजीवी परिषद्का अध्यक्ष प्राडा दिनेशचन्द्र देवकोटाले विकसित राजनीतिक घटनाक्रम 'पुस १०'कै निरन्तरता अन्तर्गत विकसित भएकोले यसले वाम, लोकतान्त्रिक र रूपान्तरणकारी शक्तिलाई सहयात्रामा ल्याएको टिप्पणी गरे । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा देवकोटाले राष्ट्रियता, विकास र समृद्धिका आधारमा यो गठबन्धन आवश्यक भएकोले यसप्रति सकारात्मक हुन सकिने बताए ।

वाम विश्लेषक एवं स्तम्भकार झलक सुवेदीले प्रधानमन्त्री प्रचण्ड र एमालेका अध्यक्ष ओलीले विगतका 'इगो' भुलेर नयाँ गठबन्धन टिकाउन सकेमा यसले सकारात्मक 'भाइब्स' निर्माण गर्ने बताए। "आगामी २०८४ सालमा हुने निर्वाचनमा वाम गठबन्धन या दल एकताका माध्यमबाट जान सकिने गरी लागेमा यो गठबन्धनको लाभ एमाले–माओवादी केन्द्र दुवैले लिन सक्छन् । देश र जनताका लागि पनि सकारात्मक नै हुनेछ"–उनको भनाइ छ ।

प्रधानमन्त्री प्रचण्ड, नेकपा (एमाले)का अध्यक्ष केपीशर्मा ओलीसहितका शीर्षनेताहरूले नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललाई मङ्गलवार साँझ भेट गरी सरकारमा सामेल हुन आग्रह गर्नुले वामपन्थी दलहरूबीच टुटेको लय फेरि मिलाउन खोजेको देखिन्छ ।






नेपाल नागरिक उड्डयन प्राधिकरण

सिमरा नागरिक उड्डयन कार्यालय, बारा

## बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति २०८०/११/२४ गते

सिमरा विमानस्थल नागरिक उड्डयन कार्यालयका सवारीसाधन पार्किङ टर्मिनल अघि र दायाँपट्टि स्थानको २६६८.६ वर्गमिटर पार्किङ क्षेत्रमा सवारीसाधन विमान सेवा उठाउने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सरकारको सम्बन्धित निकायबाट इजाजतप्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीहरूले निम्न शर्तहरूको अधीनमा रही बोलपत्र फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरूः

१. यो प्रकाशित भएको मितिले एक्काइस (२१) दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको विशाल बजारस्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ रु ३३९०/– (अक्षरेपि तीन हजार तीन सय नब्बे मात्र) मूल्य अभिवृद्धि करसहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेश गरी प्राप्त रसीद नवीकरणसहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेश गरी बोलपत्र फाराम खरीद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट एक्काइस (२१) दिनको कार्यालय समयभित्र खरीद गरी बाइस (२२) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरू सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारीपत्रसहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरीद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोपछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरीद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरणसहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजतपत्र, मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने कामकारबाईमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको या कालोसूचीमा नपरेको भनी लिखितरूपमा गरेको स्वघोषणापत्र पेश गर्नुपर्नेछ ।

४. सवारीसाधन विसान शुल्क उठाउने सेवा सञ्चालनको ठेक्का अवधि पाँच (५) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक्का अङ्क रु ४०,०२,९००/– (अक्षरेपि रु चालीस लाख दुई हजार नौ सय मात्र) कायम गरिएको छ । साथै बहाल रकममा हरेक दुई वर्षमा दश (१०) प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ र सोहीअनुरूप कायम हुन आउने थप बहाल रकमसमेत बुझाउनुपर्नेछ । प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरूले बोलपत्रमा भाग लिन पाउनेछैनन्। प्राधिकरणलाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नरहेको बेहोराको प्रमाण बोलपत्र कागजात खरीद गर्दाका समयमा पेश गर्नुपर्नेछ ।

६. कबोल गरेको रकमको पाँच (५) प्रतिशतले हुने बोलपत्र जमानत रकम सिमरा नागरिक उड्डयन कार्यालयको एभरेस्ट बैंक लि.मा रहेको धरौटी खाता नम्बर ००७००१०५०००१५२ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मिति)बाट मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खामबाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री सिमरा नागरिक उड्डयन कार्यालय, बारालाई सम्बोधन गरी प्रशासन शाखामा दर्ता गराउनुपर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अङ्क र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी शर्तसहित पेश भएको वा तोकिएको कागजात पेश भई आएको बोलपत्र उपर कुनै कारबाई गरिनेछैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्रसम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र पत्रिकामा उपलब्ध हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरू विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यससम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरूका अलावा आवश्यक अन्य शर्तहरू सम्झौतापत्रमा राख्न सकिनेछ ।

# दुर्गा पल्समा मजदूरको श्रम शोषण भएको आरोप

प्रस, परवानीपुर, २३ फागुन/

वीरगंज महानगरपालिका–३२ चोर्नीस्थित दुर्गा पल्स प्रालिले मजदूरहरूको श्रम शोषण गरेको आरोप लागेको छ।

सरकारले तोके न्यूनतम ज्यालाभन्दा निकै कममा उद्योगले मजदुरहरूलाई काम गराउँदै आएको त्यहाँ कार्यरत मजदूरहरूले बताए।

श्रम ऐन अनुसार आठ घण्टा काम गरेबापत दैनिक रु ५१८ का दरले पारिश्रमिक दिनुपर्नेमा उद्योगले त्यहाँ कार्यरत मजदूरहरूलाई दैनिक रु ३६६ मात्र दिने गरेको मजदूरहरूको गुनासो छ।

श्रम ऐन अनुसारको सेवा सुविधाहरू मजदूरले माग्न थालेपछि उद्योगले मजदूरहरूलाई तर्साउनका लागि निष्कासन गर्न थालेको छ। यसै क्रममा आठ वर्षदेखि सो उद्योगमा काम गर्दै आएका राजेश्वर महतोलाई फागुन २२ गते निष्कासित गरिएपछि उद्योगमा विवाद भएको छ।

मजदूर महतोलाई हिजो गेटबाट भित्र प्रवेश गर्न नदिएपछि स्थानीयवासीले उनको साथ दिंदै कारखानामा विवाद गरेका थिए। निष्कासनको उचित कारण नभएको र पारिश्रमिक माग्दा गेट रोक्का गर्नु न्यायोचित नभएको भन्दै स्थानीयवासीहरूले उद्योग प्रशासनको ध्यानाकर्षण गराएका थिए। महतोको विषयलाई लिएर कारखानामा तनाव शुरू भएपछि प्रहरी परिचालन भएको थियो।

हिजोको विवादपछि कारखाना प्रशासनले गेट रोक्का गरेको महतोलाई काममा फिर्ता बोलाएको थियो भने विवादको समाधान वार्ताबाट गरिने सञ्चालक प्रतीक अग्रवालले बताए। सो उद्योगमा करीब सय जना मजदूर कार्यरत छन्।

आठ वर्षदेखि सञ्चालित यो उद्योगमा अहिलेसम्म मजदूरहरूलाई स्थायी गरिएको छैन। सञ्चालक अग्रवालले उद्योगमा ठेकेदारमार्फत मजदूरहरू राखेर काम गरिरहेको र सोहीअनुरूपको पारिश्रमिक दिएको बताएका छन्।



दुर्गा पल्स प्रालिको गेटमा आन्दोलनरत मजदूरहरू। तस्वीरः प्रतीक

# प्रहरीले अभियुक्त छाडेको पीडितको आरोप




प्रस, रौतहट, २३ फागुन/

बौधीमाई नगरपालिका–६ निवासी काशीप्रसाद जयसवालले बुधवार पत्रकार सम्मेलन गरी नाबालिग छोरीको अपहरण गरेको कसूरमा पक्राउ परेका चारजनालाई प्रहरीले छाडेको आरोप लगाएका छन्।

उनले फागुन १८ गते शुक्रवार राति साढे दश बजे करीब छजनाको समूहले १६ वर्षीया छोरीलाई घरबाहिरबाट मोटरसाइकलमा राखेर लगेको र ती व्यक्तिहरूलाई मौलापुर प्रहरीले पक्राउ गरेकोमा घटनाको तीन दिनपछि त्यत्तिकै छाडेको बताए।

उनले रातिको समयमा छोरीलाई घरबाहिरबाट मोटरसाइकलमा राखेर लगेपछि आफूले पिछा गरेको र मौलापुरमा प्रहरीले चारजनालाई पक्राउ गरेको बताए। उनले मौलापुर प्रहरीलाई घटनाबारेमा जानकारी गराएको तर तीन दिनपछि त्यत्तिकै छाडिएकामा आपत्ति व्यक्त गरे।

उनले छोरीको अवस्था अहिलेसम्म अज्ञात रहेको बताएका छन्। प्रहरीले बेपत्ता छोरीको खोजी गर्न नसकेको र पक्राउ परेका अभियुक्तहरूलाई छाडेको भनी उनले प्रहरीको आलोचना गरे। बौधीमाई नपाका प्रमुख प्रदीप यादवले पनि घटनामा प्रहरी रवैया राम्रो नरहेको टिप्पणी गरेका छन्।

तर नाबालिग केटीले भने आफू राजीखुशीले प्रेमी केटासँग गएको र बिहे पनि गरेको भन्दै सामाजिक सञ्जालमार्फत प्रेमीका भाइहरूलाई पक्राउ गरिएकोमा छाडिदिन अपील गरेकी छन्। प्रहरीले पक्राउ परेकाहरू दोषी नदेखिएकाले हाजिर जमानीमा छाडेको बताएको छ।

# टाटा सुमो दुर्घटना

बलिराम शुक्ला, बिरुवागुठी, २३ फागुन/

पर्सागढीमा गएराति टाटा सुमो गाडी दुर्घटनामा परेको छ।

जीतपुरतर्फबाट मनवा बजारतर्फ जाँदै गरेको ना.१ज ३५७८ नम्बरको सुमो तीव्र गतिको कारण पर्सागढी नगरपालिका वडा नं ३ बडनिहार बजारनजीक गहुँखेतमा दुर्घटना भएको हो।

सुमोमा कोही यात्रु नरहेको र चालक कुन्दन महतो सकुशल रहेको बडनिहार प्रहरी चौकीले जनाएको छ।

### २६ महिला ...

कार्यक्रममा नौजना महिलासहित ३८ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए। मासुम पौडेल, अस्मिता गौतम, गौरी देवी, स्नेहलता सिंह, करण साह, रवीन्द्र महतोलगायतले रक्तदान गरेका थिए।

यसैगरी, सर्लाहीमा नेपाल रेडक्रस सोसाइटी रजघट्टा उपशाखाले आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ३८ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक मनीष कुमारले बताए।

### ऐतिहासिक ...

किसानहरूले लगाउने मुख्यबाली धानको केही अंश धानको बालाको झोटी बनाइ जीराभवानीको महाशिवरात्रि मेलाका बेला अर्पण गर्ने परमपरा रहिआएको छ। मेलाबाटै ग्रामीण किसानको कृषि तथा अन्य सामग्रीको पूर्ति हुने गरेको छ। किसानहरूले वर्षभरि पुग्नेगरी कोदालो, बन्चरो, खुकुरी, हँसिया, हलोमा लगाउने फाली, हेङ्गाको डारर, खुर्पी तथा भाँडाकुँडामा गाग्री, बाल्टिन, कराइ, थाल, कुकरलगायत घरेलु सामग्री खरीद गर्छन्। यो मेलामा फलमा बयर, भाँडाकुँडामा कराइ र कृषि सामग्रीमा कोदालो एकदमै प्रख्यात छ। यही ऐतिहासिक मन्दिरको नामबाट यस गाउँपालिकाको नामकरण भएको हो।

जीराभवानी मन्दिर परिसरमा करीब १० बिघा जग्गामा बगैंचा भएपनि संरक्षणमा कुनै पहल देखिएको छैन। स्थानीय बासिन्दाको पहलमा चन्दा सङ्कलन गरी यहाँ एक दर्जनभन्दा बढी देवीदेवताको मन्दिर निर्माण भएका छन्। पर्खाल, विवाहमण्डप, चौतारा, प्रतीक्षालय निर्माण भइसकेका छन् भने धर्मशाला निर्माण गरिएको छ। खुला दिसामुक्त क्षेत्र अभियान अन्तर्गत जिविसले पाँच कोठे पक्की शौचालयसमेत निर्माण गरिदिएको छ। सङ्घीयता लागू भएसँगै मन्दिरको संरक्षण तथा विकास हुन थालेको हो।

## वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरू

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्तालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौं:**

- आफूखुशी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट वञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं।
- कुनै समस्या परे नजीकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## पालिका कप क्रिकेट रौतहटमा फागुन २६ गतेदेखि हुने

प्रस, रौतहट, २३ फागुन/

रौतहट जिल्लाका सबै पालिकाको सहभागितामा यही फागुन २६ गतेदेखि रौतहट क्रिकेट सङ्घको आयोजनामा पालिका कप हुने बताइएको छ। पालिका कपबारेमा बुधवार आयोजित पत्रकार सम्मेलनमा रौतहट क्रिकेट सङ्घका अध्यक्ष पवन




साहले १८ वटै पालिका सहभागी हुने पालिका कप क्रिकेट यही फागुन २६ गतेदेखि शुरू हुने बताए। उनले पालिका कपको तयारी शुरू भएको र समूह निर्धारण तथा कप्तान र प्रतिनिधि चयन कार्य सम्पन्न भएको बताए।

उनले समूह (ए)मा गौर, मौलापुर र गुजरा नपा, समूह (बी)मा गरुडा, फतुवा विजयपुर र माधवनारायण नपा, समूह (सी)मा यमुनामाई गापा, परोहा र वृन्दावन नपा, समूह (डी)मा गढीमाई, राजदेवी र बौधीमाई नपा, समूह (ई)मा कटहरिया, ईशनाथ र राजपुर नपा र समूह (एफ)मा चन्द्रपुर, देवाही नपा तथा दुर्गा भगवती गापा परेको रौतहट क्रिकेट सङ्घका कोषाध्यक्ष विकाश विक्रान्त नेपालले बताए।

## विश्वकप क्रिकेटका लागि पाँच करोड निकासा

काठमाडौं, २३ फागुन/रासस

आइसिसी पुरुष टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको तयारीका लागि अर्थ मन्त्रालयले रु पाँच करोड निकासा गरेको छ।

राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्य–सचिव टङ्कलाल घिसिङले विश्वकप क्रिकेट प्रतियोगिताको तयारीका लागि उक्त रकम निकासा भएको जानकारी दिए। "नेपाली टोलीले क्रिकेटको विश्वकप जस्तो ठूलो प्रतियोगिता खेल्दै छ। विश्वकपको तयारीका लागि राष्ट्रिय खेलकूद परिषद्ले युवा तथा खेलकूद मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा रकम निकासाका लागि सिफारिश गरेको थियो। खेलकूदको महत्त्वलाई बुझेर रकम निकासा गर्न सहयोग गर्ने नेपाल सरकार, सम्माननीय प्रधानमन्त्रीज्यू, अर्थ मन्त्रालय र युवा तथा खेलकूद मन्त्रालयप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु," उनले भने।

नेपाली पुरुष क्रिकेट टोली विश्वकपका लागि छनोट भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाली टोलीको तयारीका लागि लाग्ने खर्चमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरेका थिए। सदस्य–सचिव घिसिङले खेलाडीले उच्च मनोबलका साथ तयारी गर्दै विश्वकपमा उत्कृष्ट प्रदर्शन गरी नेपालको प्रतिष्ठा अझ अभिवृद्धि गर्ने विश्वास लिएको बताए। उनले नेपाल क्रिकेट सङ्घ (क्यान)लाई पूर्ण तयारीका लागि गम्भीर भएर अगाडि बढ्नसमेत आग्रह गरे।

नेपालले घरेलु मैदानमा गत अक्टोबर ३० देखि नोभेम्बर ५ तारिखसम्म भएको आइसिसी पुरुष टी–२० विश्वकप एशिया रिजनल क्वालिफायरको सेमिफाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई)लाई आठ विकेटले हराउँदै विश्वकपमा स्थान बनाएको थियो।

आइसिसी पुरुष टी–२० विश्वकप क्रिकेट प्रतियोगिता अमेरिका र वेस्ट इन्डिजमा आगामी जून १ तारिखदेखि सञ्चालन हुँदैछ। नेपालले सन् २०१४ मा पहिलोपटक टी–२० विश्वकप क्रिकेट प्रतियोगिता खेलेको थियो।

## झापा गोल्डकप : त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा

झापा, २३ फागुन/रासस

साबिक विजेता नेपाली सेनाको त्रिभुवन आर्मी फूटबल क्लब छैटौं झापा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। बुधवार सम्पन्न खेलमा आर्मीले मच्छिन्द्र फूटबल क्लबलाई २–१ गोलअन्तरले पराजित गरेको हो।

झापाको बिर्तामोडस्थित डोमालाल रङ्गशालामा आज भएको खेलमा आर्मीका लागि नवयुग श्रेष्ठ र वसन्त जिम्बाले गोल गरेका थिए। श्रेष्ठले खेलको ६१औं मिनेटमा तथा जिम्बाले ८०औं मिनेटमा गोल गरेका थिए। पेनाल्टी एरियामा पाएको बललाई जिम्बाले तीन विपक्षी खेलाडीलाई छक्याउँदै गोल गरेका थिए। आर्मी झापा गोल्डकपको चारपटकको विजेता टोली हो।

प्रतियोगितामा पहिलोपटक सहभागी भएको मच्छिन्द्र क्वाटरफाइनलबाटै बाहिरिएको छ। आजको खेलमा 'म्यान अफ दी म्याच' आर्मीका वसन्त जिम्बा भए। उनले रु ११ हजार पुरस्कार प्राप्त गरेका थिए।

बिहीवार आयोजक झापा–११ तथा एन्फा मकवानपुरबीच क्वाटरफाइनलको खेल हुनेछ। यही फागुन २८ गतेसम्म चल्ने झापा गोल्डकपमा १० टोली सहभागी छन्।

## अन्तर्राष्ट्रिय पिकलबल यसै साता

काठमाडौं, २३ फागुन/रासस

शुक्रवारदेखि नेपाल खुला अन्तर्राष्ट्रिय पिकलबल च्याम्पियनशिप हुने भएको छ। पिकलबल सङ्घ नेपालको आयोजनामा यही फागुन २५ र २६ गते आयोजना हुने उक्त प्रतियोगितामा आठ देशका १२० खेलाडी सहभागी हुने भएका छन्।



पिकलबल सङ्घ नेपालका अध्यक्ष सौरभ भण्डारीका अनुसार उक्त प्रतियोगितामा नेपालसहित भारत, बेलायत, अमेरिका, सिङ्गापुर, थाइल्यान्ड, स्पेन र पोर्चुगलका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगितामा फागुन २५ गते पुरुष डबल्स, महिला डबल्स र मिक्स डबल्स तथा फागुन २६ गते पुरुष एकल र महिला एकलतर्फका खेल हुनेछन्। प्रतियोगिताका सबै खेल सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा खेलाइनेछन्।